# अध्याय : एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

भाषा शिक्षण भनेको भाषिक सीपहरूको शिक्षण हो । भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । यी सीपहरू एक आपसमा अन्तरसम्बन्धित हुन्छन् । भाषा शिक्षणको विषयवस्तु साधनको रूपमा रहन्छन् भने भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ साध्यका रूपमा रहन्छन् ।

पाठ्यपुस्तकका पाठहरू कसरी शिक्षण गर्ने भनेर पाठका उद्देश्य, शैक्षिक सामग्री, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया र अभ्यासका लागि प्रश्नहरू समेत दिई निर्माण गरिएको सामग्रीलाई शिक्षक निर्देशिका भनिन्छ । यसले शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन सहयोग पुऱ्याउनुका साथै शिक्षकलाई शिक्षण कार्य व्यवस्थित र योजनाबद्ध ढङ्गले शिक्षण गर्न सहयोग पुऱ्याउँछ । यसको निर्माण पाठ्यपुस्तक अनुरूप गरिन्छ । कुनै पनि पाठका लागि लाग्ने आवश्यक पाठ्य घण्टी विशिष्ट उद्देश्य अनुरूप आवश्यक शैक्षिक सामग्री उद्देश्य प्राप्त गर्न अपनाउनु पर्ने शिक्षण विधि वा कार्यकलाप, सोही अनुरूप अपनाउनु पर्ने मूल्याङ्कन प्रक्रिया र नमुना प्रश्नहरू समेत उल्लेख गरी निर्माण गरिएको शिक्षक निर्देशिका शिक्षकका लागि मार्गदर्शक हो ।

शिक्षक निर्देशिकाले शिक्षकलाई कसरी शिक्षण गर्ने भन्ने निर्देशन प्रदान गर्ने हुनाले शिक्षक शिक्षण कार्यमा अल्मलिनु पर्दैन । साथै निर्देशिकाहरू शिक्षण गर्नाले रूचिकर, प्रभावकारी र सफल बन्नुका साथै अपेक्षित उद्देश्य प्राप्तिका लागि महत्त्वपूर्ण सहयोग पुग्दछ । उचित रूपमा निर्देशिकाको प्रयोग गर्ने साथै कक्षाकोठाको वातावरण विद्यार्थीको रूचि आदिलाई ख्याल गरी नयाँ नयाँ विधि अपनाउन सकेमा शिक्षण कार्यमा वैज्ञानिकता थपिन्छ । यसले तालिम अप्राप्त शिक्षकहरूमा भएको शैक्षणिक अन्यौललाई हटाई व्यवस्थित ढङ्गले शिक्षण कार्य अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेल्दछ । यसले हरेक पाठको शिक्षण गर्दा सिपगत सन्तुलन कायम गर्दै शैक्षणिक योजना निर्माण गर्न व्याकरण शिक्षणलाई पाठहरूसँगै एकीकृत ढङ्गले अगाडि बढाउन र भाषा शिक्षणलाई महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले देशभरी एकै प्रकारको पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्ने भनी एकै प्रकारको नीति लागू गरेको थियो । रा.शि.आ. २०४९ लागू भएपछि विद्यालयमा शिक्षक निर्देशिका क्रमशः प्राथमिक तहदेखि उच्च मा.वि. तहसम्म लागू भएको पाइन्छ । सर्वप्रथम २०४९/०५० कक्षा एकमा, २०५०/०५१ कक्षा दुईमा, २०५१/०५२ कक्षा तीनमा, २०५२/०७३ कक्षा चारमा, २०५३/०५४ कक्षा पाँचमा गर्दै क्रमशः अरू कक्षामा पनि लागू भएको पाइन्छ । पुरानो पुस्तकलाई संशोधन गरी २०६५ मा यसले नयाँ पुस्तक संस्करण गरेको छ । यसले शिक्षकलाई क्रियाशिल बनाउनका साथै व्यवहारिक ज्ञान दिन मद्दत गर्दछ ।

प्रस्तुत शोधको शीर्षक **कक्षा १० मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन** रहेको छ । यस अध्ययनमा तनहुँ जिल्लाका कक्षा १० मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन गरिएको छ । त्यस्तै गरी शिक्षक निर्देशिकाको प्रयोगमा देखिएका सबल र दुर्बल पक्षहरू पहिल्याइएको छ । यो शोध प्रस्ताव आदिकवि भानुभक्त क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको पाठ्यांश नेपा. शि. ५९८ को प्रयोजनका लागि तयार पारिएको हो । यस अध्ययनमा तनहुँ जिल्लाका १० वटा सामुदायिक र १० वटा संस्थागत विद्यालयका नेपाली भाषा विषयका २० जना शिक्षकहरूलाई समावेश गरी नमुनाको रूपमा लिइएको छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधपत्रमा पाठ्यपुस्तकमा समावेश गरेको पाठ्य विषयहरूको उद्देश्य अनुसार शिक्षण गर्न अपेक्षित भाषिक सिप, शैक्षिक सामग्री, विद्यार्थी सहभागिता, शिक्षण विधिको छनोट तथा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको वर्तमान अवस्था कस्तो छ ? भनी ठम्याउने प्रयास गरिएको छ । साथै शोधकार्यमा निम्न समस्याहरू माथि अध्ययन केन्द्रित गरिएको छ :

क) पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीच के कस्तो सम्बन्ध रहेको छ ?

ख) शिक्षण कार्यमा शिक्षक निर्देशिकाको के कस्तो प्रभावकारिता रहेको छ ?

ग) कक्षा १० मा नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिका अनुसार गरिएको छ वा छैन ?

## १.३ शोधको उद्देश्य

शोध कार्य निश्चित लक्ष्य तथा उद्देश्यमा केन्द्रित हुन्छ । समस्या कथनमा उठाइएको मूलभूत प्रश्नहरूको समाधान गर्नु शोधकार्यको उद्देश्य हो । यस शोधकार्य प्रस्तावको उद्देश्य निम्न अनुसार रहेका छन्:

क) भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको सम्बन्ध पहिचान गर्नु ।

ख) कक्षा १० मा नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन गर्नु ।

ग) कक्षा १० मा नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिका अनुसार भए नभएको पत्ता लगाउनु ।

## १.४ शोधको औचित्य र महत्त्व

यो अध्ययन मा.वि. तह कक्षा दशको नेपाली भाषा शिक्षण शिक्षक निर्देशिकासँग सम्बन्धित रहेको छ । उक्त अध्ययन गरिँदा शिक्षकले शिक्षक निर्देशिकाको प्रयोग कुन ढङ्गले गरेका छन्, उचित रूपमा प्रयोग गरेको छ वा विद्यालयमा बेवास्ताका साथ राखिएको छ, निर्देशिका सम्बन्धित शिक्षकमा के कस्तो ज्ञान रहेको छ, निर्देशिकामा विद्यार्थीको पूर्व ज्ञानको ख्याल गरेको छ वा छैन, उद्देश्य के कस्तो रहेका छन्, स्थानीय स्तरमा उपलब्ध हुने शैक्षिक सामग्रीको प्रयोगका लागि सुझाव दिएको छ कि महङ्गा सामग्रीको प्रयोगमा प्राथमिकता दिएको छ, शिक्षण क्रियाकलाप र मूल्याङ्कन जस्ता कुराहरूमा के कस्तो उल्लेख छ भन्ने विषयहरूको अध्ययन गरी तथ्याङ्कहरू प्रस्तुत गरिएको हुँदा विषयविद्हरूलाई उपयुक्त जानकारी प्रदान गर्नुका साथै निर्देशिका सुधारका लागि थप जानकारी पुग्छ ।

शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताका सम्बन्धमा भए गरेको शोधकार्यको अध्ययन तथा अनुसन्धान गर्दा तनहुँ जिल्लाका कक्षा १० का निर्देशिकाको प्रयोग र प्रभावकारिताको शोधपत्र कुनै व्यक्तिबाट पनि नभएकाले यस अध्ययन औचित्यपूर्ण देखिन्छ । साथै यस अध्ययनले विद्यार्थी, अभिभावक, शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, अन्य तालिम प्राप्त संघसंस्थाका साथै शैक्षिक क्षेत्रका प्रबुद्ध व्यक्तिहरूलाई समेत उपयोगी हुन्छ । त्यसैले यो शोध अनुसन्धान औचित्यपूर्ण एवम् महत्त्वपूर्ण रहेको छ ।

## १.५ शोधको सीमा

अध्ययनमा निश्चित क्षेत्र र सीमा नतोकिए अध्ययन सही मार्गमा अगाडि बढ्न सक्दैन । अनुसन्धानमा सम्पूर्ण जनसङ्ख्याबाट तथ्याङ्क सङ्कलन महत्त्वपूर्ण हुन्छ तर समयको परिधि, भौगोलिक विषमता, आर्थिक कठिनाइ आदि विविध कारणले गर्दा यस अध्ययनमा निश्चित सीमा तोक्नुपर्ने देखिन्छ । यस कुरालाई मध्यनजर गरी प्रस्तुत अध्ययन निम्न लिखित क्षेत्र र सीमाभित्र सीमित पारिएको छ :

क) शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन तनहुँ जिल्लाका सामुदायिक १० तथा संस्थागत १० विद्यालयमा सीमित गरिएको छ ।

ख) उक्त अध्ययन तनहुँ जिल्लाका नेपाली भाषा विषयका २० जना शिक्षकहरूमा मात्र सीमित रहेको छ ।

ग) यसको निष्कर्ष कक्षा अवलोकन, शिक्षक प्रतिक्रियाका आधारमा प्राप्त तथ्यहरूमा केन्द्रित रहेको छ ।

## १.६ प्रयुक्त विशेष शब्दको परिभाषा

**सामुदायिक विद्यालय** : नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई बुझाउन प्रयोग गरिएको छ ।

**संस्थागत विद्यालय** : नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी संस्थासँग सम्बन्धित भएर सञ्चालन गरिएको नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई बुझाउन प्रयोग गरिएको छ ।

**शिक्षक** : विद्यालय वा शिक्षालयमा पढाउने व्यक्ति ।

**निर्देशिका** : अधिकार प्राप्त संस्थाबाट जारी गरिने कुनै विषयको समस्या समाधानका लागि बाटो देखाउने वा मार्गनिर्देश गर्ने खालको पुस्तिका ।

**प्रयोग** : कुनै कुरालाई व्यवहारमा उपयोग गर्ने काम, उपयोग र व्यवहार ।

**प्रभावकारिता** : प्रभावकारी हुँदाको स्थिति, प्रबलता, प्रखरता र सामर्थ्य ।

## १.७ शोधपत्रको रूपरेखा

यस शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

**अध्याय एक** : शोधको परिचय

**अध्याय दुई** : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

**अध्याय तिन** : अध्ययन विधि र प्रक्रिया

**अध्याय चार** : व्याख्या र विश्लेषण

**अध्याय पाँच** : सारांश, निष्कर्ष र उपयोग

**सन्दर्भ सूची**

**परिशिष्टहरू**

# अध्याय : दुई
# पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यस अघि सम्पन्न गरिएको कार्यहरू, पुस्तक, पत्रपत्रिका, लेख, शोध प्रबन्ध, प्रतिवेदन आदिको व्यवस्थित रूपमा अध्ययन गरी ती कार्यहरूको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । यस कार्यले अनुसन्धानलाई आफ्नो अनुसन्धान कार्य अघि बढाउन सजिलो हुन्छ भने अनुसन्धेय विषयको ज्ञान पनि बढ्छ । पूर्वकार्यको अध्ययनले अनुसन्धानका लागि विभिन्न विधि, प्रविधि, सिद्धान्तको जानकारी बढाउँछ । त्यसैले कुनै पनि शोधकार्य गर्नका लागि पूर्वकार्यको समीक्षा अपरिहार्य हुन्छ ।

## २.१ पूर्वकार्यको समीक्षा

भुषाल (२०५९) द्वारा **अर्घाखाँची जिल्लामा मा.वि. तह नेपाली शिक्षणमा शिक्षण सामग्री प्रयोगको वर्तमान स्थिति** शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । उक्त शोधकार्य शिक्षण सामग्रीहरूको चर्चा गर्नु, पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको सामान्य चर्चा गर्नु, कक्षा १०को शिक्षक निर्देशिकामा निर्दिष्ट शैक्षिक सामग्रीहरूको चर्चा गर्नु यसका उद्देश्यहरू रहेको छ । सर्वेक्षण विधिमा आधारित उक्त शोधमा प्रशासनिक कमजोरी, सम्बन्धित निकायको बेवास्ता, विषय शिक्षकको गहन अध्ययन जस्ता पक्षमा सुधार ल्याउनुपर्ने कुरा उल्लेख गरेका छन् । उक्त शिक्षक निर्देशिकालाई समय सान्दर्भिक बनाउनुपर्ने, सम्बन्धित निकायलाई तालिम तथा समय समयमा सचेतना दिलाउनुपर्ने सुझाव समेत उल्लेख गरेको छ ।

खत्री (२०६२) ले **दोलखा जिल्लाका कक्षा ८ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन** शीर्षकमा महत्वपूर्ण अनुसन्धान गरेका छन् । उक्त अनुसन्धानमा शिक्षक निर्देशिका अनुसार विधागत शिक्षणमा प्रयुक्त शैक्षिक सामग्रीको अलग अलग वर्गीकरण गर्नु, शैक्षिक सामग्री प्रयोगको वास्तविक स्थिति पहिचान गर्नु, शैक्षिक सामग्री प्रयोग पछिको प्राप्त प्रभावकारिताको लेखाजोखा गर्नु र शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरूको समाधानका उपायहरूको विश्लेषण गर्ने उद्देश्यहरू रहेका छन् । उक्त शोधमा खत्रीले शिक्षक निर्देशिकाअनुसार शैक्षिक सामग्री प्रयोगमा आउन नसक्नुमा

पछाडि आर्थिक, सामाजिक, प्रशासनिक तथा भौतिक समस्याहरू नै प्रमुख कारक रहेको निष्कर्ष दिएका छन् । साथै उनले समय सापेक्ष पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकामा पनि सुधार गर्दै जानुपर्ने तथा स्थानीय स्रोत र साधनको प्रयोग परिचालन गरिनुपर्ने जस्ता सुझावहरूलाई बुँदागत रूपमा प्रस्तुत गरेका छन् ।

आचार्य (२०६३) द्वारा **माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधमा कक्षा १०को निर्देशिकालाई पाठ्यक्रम र पाठ्यपुस्तकको उद्देश्यसँग तुलना गर्नु, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अन्तर सम्बन्ध पहिल्याउनु, पाठ्यक्रम, पाठ्यपुस्तक अनुरूप निर्देशिकाको विश्लेषण गर्नु, मा.वि. तहमा नेपाली शिक्षण गर्दा शिक्षक निर्देशिकाका प्रयोगको स्थिति पहिल्याउनु, शिक्षक निर्देशिका प्रयोगमा सबल र दुर्बल पक्षहरू पहिल्याउनु, शिक्षक निर्देशिकाको सुधारका सुझाव दिनु यसको उद्देश्यहरू रहेको छ । उक्त शोधकार्यमा आचार्यले नमुनाका रूपमा कास्की र काठमाडौं जिल्लाका सामुदायिक १५ वटा र संस्थागत १५ वटा गरी ३० वटा विद्यालयका नेपाली विषयका शिक्षकहरू छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको देखिन्छ । त्यस्तै सम्बन्धित जिल्लाका जि.शि.अ. र शिक्षाविद्हरूको सुझाव समेत सङ्कलन गरिएको छ । नमुना सर्वेक्षण विधिमा आधारित उक्त शोध पर्याप्त सामुदायिक तथा संस्थागत विद्यालयका नेपाली विषय शिक्षकहरूमा शिक्षक निर्देशिकाप्रतिको मान्यता तथा प्रयोगको स्थितिमा समेत भिन्नताको अध्ययन गरिएको पाइन्छ । साथै आचार्यले पाठ्यपुस्तक प्रयोग हुँदा पनि शिक्षक निर्देशिका परिमार्जन नहुनु, नेपाली विषयको दैनिक पाठ्यभार अधिक हुने हुँदा निर्देशिका अनुसार शिक्षण गर्न कठिनाइ हुने समस्या औंल्याएको पाइन्छ । विद्यार्थीको वैयक्तिक विविधता, भिन्न रूचि, योग्यता र क्षमतालाई शिक्षक निर्देशिकाले सम्बोधन गर्न नसक्नु समस्या उल्लेख गरिएको पाइन्छ । उक्त समस्याको समाधान गरी शिक्षक निर्देशिकालाई समय सान्दर्भिक बनाउनु पर्ने सुझाव समेत उल्लेख गरिएको पाइन्छ ।

अधिकारी (२०६४) द्वारा **निम्न माध्यमिक तह कक्षा आठको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** शीर्षकमा शोधपत्र तयार गरिएको देखिन्छ । उक्त शोधको उद्देश्य पाठ्यक्रम र पाठ्यपुस्तकको सन्दर्भमा शिक्षक निर्देशिकाको परिचय दिनु, नि.मा.वि. तह कक्षा आठको निर्देशिकालाई पाठ्यपुस्तक र पाठ्यक्रमको उद्देश्यसँग तुलना गर्नु, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिचको अन्तर सम्बन्ध पहिल्याउनु,

पाठ्यक्रम, पाठ्यपुस्तक अनुरूप निर्देशिकाको विश्लेषण गर्नु, शिक्षक निर्देशिकाको प्रयोगमा देखिएका सबल र दुर्बल पक्षहरू पहिल्याउनु रहेको पाइन्छ । सर्वेक्षण विधिद्वारा सम्पन्न गरिएको उक्त शोधमा संस्थागत, सामुदायिक र संस्कृत गरी ७ वटा विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन तथा स्याङ्जा र पाल्पा जिल्लाका २० वटा विद्यालयका नेपाली विषयका शिक्षकहरूसँग प्रश्नावलीको प्रयोग गरी तथ्याङ्कन सङ्कलन गरिएको छ भने अधिकारीले कक्षा आठको निर्देशिका विमातृभाषी विद्यार्थीका लागि कस्तो विधि वा सामग्रीको छनोट गर्ने भन्ने कुरा उल्लेख नगर्नु निर्देशिकाको दुर्बल पक्षको रूपमा उल्लेख गरिएको छ । साथै विमातृभाषी विद्यार्थीका उपयुक्त विधि वा सामग्रीको छनोट गर्नुपर्ने सुझाव समेत प्रस्तुत गरिएको छ ।

कार्की (२०६४) द्वारा **नि.मा.वि. तह कक्षा छ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** शीर्षकमा शोधकार्य पुरा गरेको पाइन्छ । उक्त शोधकार्यको उद्देश्य पाठ्यक्र, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिचको सम्बन्ध उल्लेख गर्नु, निर्देशिका प्रयोगमा देखिएका समस्या पत्ता लगाउनु रहेको पाइन्छ । उनले शिक्षक निर्देशिका शिक्षकका अपरिहार्य भएपनि प्रयोगमा आउन नसक्नु, निर्देशिका समयमा उपलब्ध नहुनु र भएपनि प्रयोग गर्ने बानी नहुनु जस्ता समस्याहरू भएको उल्लेख गरिएको छ । सर्वेक्षण विधिद्वारा सम्पन्न गरेको उक्त शोधमा शिक्षक निर्देशिका प्रयोग र प्रभावकारिताका लागि कक्षा अवलोकन र अन्तरवार्ताबाट निस्केका सत्य, तथ्य प्रस्तुत गरी सबल र दुर्बल पक्षहरू देखाउनुका साथै आवश्यक सुझाव समेत प्रस्तुत गरिएको छ । यस भन्दा अगाडि विभिन्न कक्षाका निर्देशिका सम्बन्धी अध्ययन भइसकेको कक्षा छ को निर्देशिका सम्बन्धी अध्ययन बाँकी भई सो को पनि अध्ययन गर्न आवश्यक देखेर राम्रो नराम्रो पक्षको विश्लेषण गरी आवश्यक सुधार गरी प्रस्तुत शोधकार्य तयार गरिएको देखिन्छ ।

गौतम (२०६४) द्वारा **प्राथमिक तह कक्षा पाँचमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधकार्यमा गौतमले प्राथमिक तह कक्षा पाँचमा शिक्षक निर्देशिकालाई पाठ्यपुस्तक र पाठ्यक्रमको उद्देश्यसँग तुलना गर्नु, प्राथमिक तह कक्षा पाँचमा नेपाली शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोगको स्थिति पहिल्याउनु, शिक्षक निर्देशिका प्रयोग गर्दा उत्पन्न भएका सबल र दुर्बल पक्ष पहिल्याउनु तथा पाठ्यक्रम, पाठ्यपुस्तक प्रयोग गर्दा उत्पन्न भएका सबल र दुर्बल पक्ष पहिल्याउनु उद्देश्य रहेको पाइन्छ । सर्वेक्षण विधिद्वारा सम्पन्न गरिएको उक्त शोधपत्रमा

गौतमले निर्देशिकाको महत्व र प्रभावकारितालाई प्रष्ट पारिएको छ । प्रभावकारी नेपाली भाषा शिक्षणका लागि निर्देशिका अपरिहार्य भएपनि समय अभाव, तालिमको व्यवस्था नहुनु, समयानुकुल निर्देशिका परिमार्जन नहुनुले समस्या उत्पन्न हुने कुरा उल्लेख गरेको पाइन्छ । भौगोलिक विकटता र आर्थिक विकटताले गर्दा समयमै निर्देशिका विद्यालयमा नपुग्नु अर्को समस्या भएको उल्लेख गरिएको छ । साथै उक्त समस्यालाई समाधान गरी समय सान्दर्भिक बनाइनु, तालिमको व्यवस्था गर्नु तथा भौगोलिक विकटता र आर्थिक विपन्नताका लागि सम्बन्धित क्षेत्रबाट आवश्यक कदम चालिनुपर्ने सुझाव समेत प्रस्तुत गरेको पाइन्छ ।

श्रेष्ठ (२०६४) ले **गोर्खा जिल्लाका प्रा.वि. तहमा नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगको एक अध्ययन** शीर्षकमा शोधपत्र पुरा गरेकी छिन् । उनको उक्त शोधमा प्राथमिक तहमा नेपाली शिक्षण गर्दा शिक्षक निर्देशिकाले निर्देशन गरे अनुसार शैक्षिक सामग्रीको परिचय दिनु, शैक्षिक सामग्रीको महत्व तथा प्रयोजन देखाउनु, शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्या तथा समाधानका उपायहरू बताउनु मुख्य उद्देश्य रहेको पाइन्छ । प्रस्तुत अध्ययन शिक्षक निर्देशिकाले निर्देशन गरे अनुसारको शैक्षिक सामग्रीको प्रयोगमा देखिएका आर्थिक समस्या, तालिमको समस्या, निरीक्षण तथा मूल्याङ्कनको समस्या, पाठघण्टी भारको समस्या जस्ता विविध समस्यामाथि व्यापक चर्चा भएको छ । उक्त समस्याले शिक्षकको कार्य क्षमता नाश हुने, पाठप्रति विद्यार्थीहरूको रूचि घट्ने, विद्यालयमा शिक्षक निर्देशिका समेत नहुँदा सामग्री सङ्कलन, निर्माण र प्रयोग पक्ष कमजोर हुने आदि निष्कर्षहरू दिइएको पाइन्छ । यस अध्ययनमा उक्त समस्या समाधानार्थ बुँदागत रूपमा अठार वटा सुधारात्मक सुझावहरू प्रस्तुत गरिएको पाइन्छ ।

नेपाली (२०६६) द्वारा **उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त शोधपत्रको उद्देश्यहरू पाठ्यक्रम, पाठ्यपुस्तक अनुरूप शिक्षक निर्देशिकाको विश्लेषण गर्नु, प्रश्नावली, कक्षा अवलोकनबाट प्राप्त तथ्यका आधारमा शिक्षक निर्देशिकाको विश्लेषण गर्नु, शिक्षक निर्देशिकाको प्रयोगको सबल र दुर्बल पक्ष पत्ता लगाउनु रहेको पाइन्छ । उक्त शोधपत्रमा नेपालले सर्वेक्षण विधिद्वारा आफ्नो शोधकार्य सम्पन्न गरेका छन् भने उच्च माध्यमिक तहको अनिवार्य नेपाली विषयको शिक्षक निर्देशिकालाई आफ्नो अध्ययनलाई सीमाङ्कन गरिएको पाइन्छ । उनले मोरङ र काठमाडौं जिल्लाका केही उच्च मा.वि.हरू नमुनाका रूपमा छनोट गरी शोध सम्पन्न गरेका छन् । प्रश्नावली, मौखिक अन्तरवार्ता र प्रत्यक्ष कक्षा

अवलोकनबाट तथ्याङ्क सङ्कलन गरेको पाइन्छ । यसमा उच्च माध्यमिक तहको निर्देशिका प्रकाशनमा ढिलाई र शिक्षकहरूको अनविज्ञताले निर्देशिकाको प्रयोगमा कठिनाइ औंल्याएको पाइन्छ । साथै उच्च माध्यमिक तहको निर्देशिका समयमै उपलब्ध गराउनु पर्ने तथा शिक्षकलाई आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने सुझाव समेत प्रस्तुत गरिएको छ ।

मैनाली (२०६६) द्वारा **प्राथमिक तह कक्षा तिनको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** नामक शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त शोधकार्यमा पाठ्यक्रम र पाठ्यपुस्तकका सन्दर्भमा शिक्षक निर्देशिकाको आवश्यकता औल्याउनु, कक्षा तिनको निर्देशिकालाई पाठ्यक्रमको उद्देश्य र पाठ्यपुस्तकसँग तुलना गर्दै पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका बिचको अन्तर सम्बन्धलाई पहिल्याउनु, पाठ्यक्रम र पाठ्यपुस्तक अनुरूप निर्देशिकाको विश्लेषण गर्नु, नेपाली शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोगमा देखिएका सबल र दुर्बल पक्ष पहिल्याउनु उद्देश्य रहेका छन् । प्रस्तुत शोधकार्यमा मैनालीले काठमाडौं उपत्यका र सर्लाही जिल्लाका १० वटा सामुदायिक तथा १० वटा सामुदायिक विद्यालयमा सीमित रहेको देखिन्छ । निर्देशिका प्रयोगको उपयोगिता, सबल र दुर्बल पक्ष लगायतका अन्य विषयमा सम्बन्धित विद्यालयका विषय शिक्षकसँगको प्रतिक्रिया तथा कक्षा अवलोकनका आधारमा विश्लेषण गरेको पाइन्छ ।

भट्टराई (२०६९) द्वारा **उदयपुर जिल्लामा निम्न माध्यमिक तहमा नेपाली शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** गरेको पाइन्छ । उक्त शोधकार्यमा उनले पाठ्यांश, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय दिई एक आपसमा यिनको सम्बन्ध पत्ता लगाइ उदयपुर जिल्लामा नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण शिक्षक निर्देशिकामा भए नभएको पत्ता लगाउने, नेपाली भाषा शिक्षण गर्दा निर्देशिकाको उपयोगिता पहिल्याउनु, निर्देशिका प्रयोगमा देखिएका सबल र दुर्बल पक्षहरू पत्ता लगाउनु उद्देश्यहरू रहेका छन् । उक्त शोधपत्रमा भट्टराईले सर्वेक्षण विधिद्वारा आफ्नो शोधकार्य सम्पन्न गरेको पाइन्छ । साथै निर्देशिका प्रयोगका लागि आवश्यक सुधारात्मक सुझाव दिएको पाइन्छ । उक्त शोधकार्यमा नमुनाका रूपमा उदयपुर जिल्लामा सामुदायिक १० र संस्थागत १० विद्यालयमा २० जना शिक्षक बिच गरिएको प्रश्नावलीमार्फत तथ्याङ्क सङ्कलन गरेको पाइन्छ ।

यसरी पूर्वकार्यको समीक्षाका साथै प्रस्तुत शोधमा शिक्षक निर्देशिका प्रयोग र प्रभावकारिताका लागि कक्षा अवलोकन र अन्तरवार्ताबाट निस्केका सत्य तथ्य प्रस्तुत गरी

सबल र दुर्बल पक्षहरू देखाउनुका साथै आवश्यक सुझावसँगै प्रस्तुत गरिएको छ । यस भन्दा अगाडि विभिन्न कक्षाका निर्देशिका सम्बन्धी अध्ययन भइसकेको छ । त्यसैले कक्षा १० मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन शीर्षकमा अध्ययन गर्न आवश्यक देखेर राम्रा र नराम्रा पक्षको विश्लेषण गरी आवश्यक सुधारका लागि शोधपत्र तयार गरिएको छ ।

## २.२ समीक्षात्मक अध्ययनको उपयोग

कुनै पनि शोधकार्य वा अनुसन्धान गर्दा अन्य शोधपत्रको भूमिका महत्त्वपूर्ण हुने गर्दछ । पूर्व अनुभवले गर्दा वर्तमानलाई अगाडि बढ्न सहयोग र प्रेरणा मिल्दछ ।

निमानन्द भुसाल (२०५९) द्वारा लेखिएको शोधमा अर्घाखाँची जिल्लामा मा.वि. तह नेपाली शिक्षणमा शिक्षण सामग्री प्रयोगको वर्तमान स्थितिको अध्ययन गरिएको छ । यो शोधकार्य शिक्षक निर्देशिका र शिक्षण सामग्रीलाई परिपूरक सामग्रीका रूपमा अर्थ्याइएका छन् । उनको अध्ययन र तालिका यो शोधकार्यका लागि उपयोगी बनेको छ । यज्ञबहादुर खत्री (२०६२) ले दोलखा जिल्लाका कक्षा आठमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन शीर्षकमा महत्वपूर्ण अनुसन्धान गरेको पाइन्छ । उक्त शोधकार्य शैक्षिक सामग्रीको बारेमा गरिएको हुँदा शिक्षक निर्देशिका पनि एक शैक्षिक सामग्री नै भएकोले अध्ययन गर्नु उपयोगी छ । यसले मलाई सहयोग भएको छ । रामजी आचार्य (२०६३) ले माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन शीर्षकमा शोध तयार गरेको पाइन्छ । उक्त शोध यो शोध शीर्षकमा मिल्दोजुल्दो भएकाले यसबाट शोधपत्र कसरी, कुन विधि अपनाएर लेख्ने भन्ने कुरामा सहयोग भएको छ । केशवती अधिकारी (२०६४) ले निम्न माध्यमिक तह कक्षा आठको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन शीर्षकमा शोध तयार गरिएको देखिन्छ । यस शोधबाट पनि शिक्षक निर्देशिकाको बारेमा बुझ्न, निर्देशिकाको सबल र दुर्बल पक्षहरू पहिल्याउन सहयोग पुगेको छ । सीता कार्की (२०६४) ले नि.मा.वि. तह कक्षा छ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन शीर्षकमा शोधकार्य पुरा गरेको पाइन्छ । यसबाट पनि निर्देशिका प्रयोगमा देखिएका समस्या र समाधानका उपायहरूका बारेमा बुझ्न सहयोग मिलेको छ ।

त्यस्तै गरी रमन कुमार गौतम (२०६४) ले प्राथमिक तह कक्षा पाँचमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधकार्यमा कक्षा पाँचमा शिक्षक निर्देशिकालाई पाठ्यपुस्तक र पाठ्यक्रमको उद्देश्यसँग तुलना गरिएको र नेपाली शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोगको स्थिति पहिल्याइएको र निर्देशिकाको सबल र दुर्बल पक्ष पहिल्याइएकोले यसबाट पनि अनुसन्धान गर्न सहयोग भएको छ । लक्ष्मीमाया श्रेष्ठ (२०६४) ले गोर्खा जिल्लाका प्रा.वि. तहमा नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगको एक अध्ययन शीर्षकमा शोधपत्र पूरा गरेको देखिन्छ । शिक्षक निर्देशिका पनि एक शैक्षिक सामग्री अन्तर्गत पर्ने हुँदा यो शोधकार्यले पनि मलाई सहयोग पुऱ्याएको छ । रोमराज नेपाल (२०६६) ले उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिचको सम्बन्ध पहिचान गरेको, उच्च मा.वि. तहमा नेपाली शिक्षणमा शिक्षक निर्देशिकाको मान्यता तथा उपयोगिता पहिल्याइएको, पाठ्यक्रम, पाठ्यपुस्तक अनुरूप शिक्षक निर्देशिकाको विश्लेषण गरिएको छ । त्यसैले यो शोधकार्य गर्न सहयोग मिलेको छ । रोम प्रसाद मैनाली (२०६६) ले प्राथमिक तह कक्षा तिनको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उनले निर्देशिका, प्रयोगको उपयोगिता, सबल र दुर्बल पक्षका बारेमा अध्ययन अनुसन्धान गरेकाले यो शोधकार्यमा सहयोग पुगेको छ । कल्पना भट्टराई (२०६९) ले उदयपुर जिल्लामा निम्न माध्यमिक तहमा नेपाली शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन गरेको पाइन्छ । उनले नेपाली भाषा शिक्षण गर्दा निर्देशिकाको उपयोगिता पहिल्याउनुका साथै निर्देशिकाको प्रयोगमा देखिएका सबल र दुर्बल पक्षहरूको अध्ययन गरेको पाइन्छ । उक्त शोधकार्य शिक्षक निर्देशिका सम्बन्धी नै भएकाले यस शोधकार्यका लागि उपयोगी छ ।

## २.३ सैद्धान्तिक अवधारणा

पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य परिपूर्ति गर्नका लागि पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी प्रयोग गर्न सघाउने महत्त्वपूर्ण शैक्षिक सामग्री शिक्षक निर्देशिका हो । शिक्षक निर्देशिकालाई एक प्रकारको शिक्षक मित्र पनि भनिन्छ । शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि शिक्षक निर्देशिका महत्त्वपूर्ण सामग्री हो । यसले शिक्षणमा

आइ पर्ने समस्या एवम् कठिनाइ समाधान गर्न मार्ग निर्देशन दिन्छ । शिक्षक निर्देशिकाले एक शैक्षिक सत्र भरी अध्यापन गराइने विषय वस्तु, तिनका उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण विधि, मूल्याङ्कन प्रविधि आदि समावेश गरिएको हुन्छ । यसमा शीर्षक अनुसार नमुना प्रश्नहरू आवश्यक घण्टी आदि दिइएको हुन्छ ।

### २.३.१ भाषा पाठ्यक्रम

पाठ्यक्रम भनेको विद्यालय र शिक्षकको निर्देशन गरेको क्रियाकलापहरूको अव्यवस्थित थुप्रो होइन बरू यो त योजनाबद्ध क्रियाकलापहरूको समूह हो (हिल्डा टावा) ।

निर्धारित उद्देश्यसम्म पुग्नका लागि बनाईएको धावनमार्ग रूपी कार्यक्रमका रूपमा पाठ्क्रमलाई चिनाउन सकिन्छ । हुन त पाठ्यक्रम भनेको विद्यार्थीलाई के पढाउने भन्ने विषयको जानकारी दिलाउने दस्तावेज हो तर व्यापक अर्थमा यो विद्यालयको निर्देशनमा तयार गरिएको विद्यार्थीहरूको सिकाइ अनुभवमा आधारित सुव्यवस्थित एवम् नियोजित शैक्षणिक कार्यक्रम हो । त्यसैले कसलाई पढाउने, किन पढाउने, के पढाउने, कति पढाउने, कति समयमा पढाउने, कसरी पढाउने, कहाँ पढाउने, कुन सामग्रीको सहयोगले पढाउने, पढाइएको प्रभावकारिता कसरी जाँच गर्ने आदि यावत कुराहरूको सुस्पष्ट पार्ग निर्देशनका रूपमा पाठ्यक्रमलाई हेरिनु पर्दछ । पाठ्यक्रमले निश्चित लक्ष्यलाई समेट्दछ । यो विभिन्न राष्ट्रिय उद्देश्यलाई ध्यानमा राखी सम्पूर्ण विद्यार्थीहरूको अनुभवलाई आधार मानी तयार गरिएको हुन्छ । जसमा विद्यालय भित्र र बाहिरका सम्पूर्ण कार्यकलापहरूलाई लिएर तिनका अनुभवहरूलाई सँगाली निर्देशन तयार गरिएको हुन्छ । (निरन्तर विद्यार्थी मूल्याङ्कन परिचय पुस्तिका, २०५९) विद्यार्थीहरूको मानसिक, सामाजिक, आध्यात्मिक तथा नैतिक विकासमा सहयोग पुग्ने विद्यालयभित्र र बाहिरका समग्र अनुभवहरू एउटै कार्यक्रमका रूपमा पाठ्यक्रममा समावेश भएकाले शिक्षार्थीको आवश्यकता र रूचिलाई समेट्नुको साथै राष्ट्रिय तथा सामाजिक आवश्यकतालाई पनि ध्यान दिनु पर्दछ । शिक्षाको राष्ट्रिय उद्देश्य पूर्तिका लागि शैक्षिक प्रणालीमा विभिन्न क्रियाकलाप गरिन्छ । शैक्षिक उद्देश्य निर्धारण गर्न निर्धारित उद्देश्य अनुसार विषयवस्तु चयन गर्न र त्यसलाई व्यवहारिक रूपमा प्रयोगमा ल्याउने काममा पाठ्यक्रमकै अग्रणी भूमिका रहेको हुन्छ । तसर्थ मानव जातिको समग्र ज्ञान अनुभवको सारलाई पाठ्यक्रम भनिन्छ (फ्रोबेल) ।

पाठ्यक्रममा उद्देश्य, लक्ष्य र विषयवस्तु, शिक्षण प्रक्रिया, स्रोत तथा मूल्याङ्कन प्रक्रियाको रूपमा मूल्याङ्कन गरिएको हुन्छ । पाठ्यक्रमलाई शैक्षिक लक्ष्यसम्म पुग्ने विद्यार्थीमा अपेक्षित परिवर्तन ल्याउनका लागि समग्र सिकाइ अनुभवहरूको सँगालोको रूपमा हेर्न सकिन्छ । पाठ्यक्रमले शिक्षण सिकाइ क्रियाकलापहरूलाई मूल रूपमा मार्गदर्शन गर्नका लागि पाठ्यक्रम अनुसार पाठ्यपुस्तक र शिक्षक निर्देशिका तयार गरिएको हुन्छ । जसले शिक्षणमा महत्वपूर्ण मार्ग निर्देशन गर्दछ । पाठ्यक्रमलाई अझ विभिन्न किसिमले चिनाउन प्रयास गरिएको छ । ती मध्ये केही विद्वानहरू तथा सम्बद्ध क्षेत्रका परिभाषाहरू यस प्रकार छन् :

क) पाठ्यक्रमको योजनाले वर्तमान समुदायको अध्ययन गरी तिनका जीवनका आवश्यकताहरूलाई समावेश गर्न सक्नुपर्छ । यसले हाम्रो जीवनलाई सुधार गर्ने नियत राख्नुपर्दछ । जसले गर्दा भूतकालभन्दा भविष्य उज्ज्वल बनोस् (डिवे) ।

ख) पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिको लागि बनाइएको शैक्षिक कार्यक्रम हो । ( रा.शि.प.यो. २०२८) ।

ग) पाठ्यक्रम कलाकारहरूको हातको एउटा औजार हो, जसका माध्यमले उसले आफ्नो स्टुडियोभित्र पदार्थलाई विचार परिवर्तन गर्दछ । (कनिङ्घन)

घ) पाठ्यक्रम सिकाइको योजना हो । (हिल्डा तावा)

ङ) पाठ्यक्रम शिक्षण सिकाइलाई एक निश्चित गन्तव्यमा पुऱ्याउन मद्दत गर्ने सुझबुझपूर्ण रूपमा तयार पारिएको विस्तृत योजना हो । (शर्मा र पौडेल, २०६०:२६५) ।

च) पाठ्यक्रम भनेको पठनपाठन योग्य सामग्रीहरू क्रियाकलाप, मूल्याङ्कन प्रक्रियाको उद्देश्यपूर्ण संयोजन हो । यस अन्तर्गत शिक्षाको राष्ट्रिय, तहगत, विषयगत, उद्देश्यका साथै विषयवस्तुको क्षेत्र र क्रम, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रियाको समेत उल्लेख गरिएको हुन्छ । (ढुंगेल र दाहाल, २०५७:१८) ।

पाठ्यक्रम सम्बन्धी उपर्युक्त अवधारणाका आधारमा नै भाषा पाठ्यक्रमलाई चिनाउन सकिन्छ । भाषाको सम्पूर्ण पक्षहरू वा कुनै भाषिक भेद सिकाउन उद्देश्यले निर्मित पाठ्यक्रम नै भाषा पाठ्यक्रम हो । अतः यसमा भाषाका चारै वटा सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र तिनै पक्षहरू (शब्दभण्डार, व्याकरण र सम्प्रेषण) क्षमताको विकास गराउने लक्ष्य राखिएको हुन्छ । भाषा पाठ्यक्रममा भाषालाई नै साधन र साध्य दुवै मानिन्छ

। त्यसैले भाषा पाठ्यक्रम अन्य पाठ्यक्रम भन्दा जटिल प्रकृतिको रहेको हुन्छ । भाषा सिकाइका लागि निर्धारित गरिएको उद्देश्यहरूको उपलब्धिसम्म पुग्नका लागि बनाइएको भाषा शिक्षण सम्बन्धी कार्यक्रमका रूपमा भाषा पाठ्यक्रमलाई परिभाषित गर्न सकिन्छ । त्यस्तै भौतिक सुविधा, विद्यार्थीको उमेर, रूचि, आवश्यकता आदि कुरा समेत भाषा पाठ्यक्रममा समावेश गरिएको हुन्छ । यो विभिन्न राष्ट्रिय भाषिक उद्देश्यलाई ध्यानमा राखेर सम्पूर्ण विद्यार्थीको भाषिक अनुभवलाई आधार मानी तयार गरिएको हुन्छ । यसमा विद्यालय भित्र र बाहिरका सम्पूर्ण भाषिक त्रियाकलापहरूलाई लिएर तिनका भाषिक अनुभवलाई सँगाली निर्देशिका तयार गरिएको हुन्छ (शर्मा र पौडेल, २०६०:२७०) ।

भाषा पाठ्यक्रम भनेको भाषा शिक्षणका सुनिश्चित उद्देश्यसम्म पुग्नका लागि तय गरिएको एउटा व्यापक, व्यवस्थित तथा योजनाबद्ध गोरेटो हो । अन्य विषयका पाठ्यक्रमहरू संज्ञानात्मक प्रकृतिका हुन्छन् । त्यसैले तिनमा ज्ञान पक्षलाई बढी महत्व दिएको हुन्छ । भाषालाई साधन र साध्यका रूपमा लिइएको हुन्छ । तर भाषा पाठ्यक्रममा भाषिक लिपिलाई महत्व दिनुका साथै विधागत विविधता समेत रहेको पाइन्छ । साना कक्षाहरूमा सीप पक्षमा ध्यान पुऱ्याइएको हुन्छ भने माथिल्ला कक्षामा बोध क्षमताका साथै वैयक्तिक ज्ञानको स्तर अनुसारको स्तरीयता बढाउँदै लैजानु पर्दछ ।

### २.३.२ भाषा पाठ्यपुस्तक

पाठ्यक्रमका उद्देश्यहरू परिपूर्तिका लाीग तयार पारिएका सामग्रीलाई पाठ्यपुस्तकको रूपमा लिइन्छ । कुनै पनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्य अनुसार तयार गरिएका हुन्छन् । पाठ्यपुस्तकमा विषयवस्तुका साथै विभिन्न क्रियाकलाप र अभ्यास समेत समावेश गरिएको हुन्छ । पाठ्यक्रमको कुनै उद्देश्य पूरा गर्न के पढ्ने, कति पढ्ने, कसरी पढ्ने, कस्तो अभ्यास गरेर पढ्ने, कुन अनुक्रममा पढ्ने, जस्ता कुराहरूलाई आत्मसाथ गरेर तयार गरिने पाठ्यपुस्तक, शिक्षक, विद्यार्थी र तालिम प्रदान गर्ने निकाय समेतलाई सहयोगी सामग्रीको रूपमा भूमिका खेलेको हुन्छ । निम्न लिखित भनाइहरूबाट पाठ्यपुस्तकलाई अझ स्पष्ट पार्न सकिन्छ ।

क) सम्भवतः पाठ्यपुस्तक एउटा अति महत्वपूर्ण कूरा हो किनभने यसको उपयोग जति औपचारिक शिक्षण सिकाइमा गरिन्छ त्यतिकै अनौपचारिक शिक्षण परिस्थिति र स्वअध्ययनको परिस्थितिमा पनि गरिन्छ । यो अन्य समग्र स्रोत भन्दा अत्यन्त सस्तो

तथा बहुसंख्यक शिक्षक र विद्यार्थीका लागि पनि सुलभ सामग्री हो (शर्मा र पौडेल, २०६०:३४०) ।

ख) विशेषज्ञद्वारा सम्बन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रक्रियाहरू अँगाली सतर्कतापूर्वक तयार गरिएका कक्षाकोठामा प्रयोग गर्ने सामग्री नै पाठ्यपुस्तक हो ( वेकलन ह्यारिस) ।

ग) विद्यालय एवम् विद्यापिठहरूमा विद्यार्थीहरूलाई अनौपचारिक रूपमा पढाउने पुस्तक नै पाठ्यपुस्तक हो । (नेपाली बृहत शब्दकोश, २०५२:८१०) ।

घ) पाठ्य विषयवस्तु सङ्कलन गरिएको पुस्तक कक्षामा पढाउनुपर्ने पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ (प्रयोगात्मक नेपाली शब्दकोश, २०६१:६०७) ।

अतः पाठ्यपुस्तक भनेको विद्यालय तहको औपचारिक शिक्षण सिकाइ तथा सन्दर्भतः अनौपचारिक शिक्षण सिकाइ समेतको एउटा भरपर्दो व्यवस्थित एवम् सर्वाधिक महत्वपूर्ण सहयोगी सामग्री हो । तर विद्यालय तथा क्याम्पसहरूमा समेत पाठ्यपुस्तकलाई साध्यकै रूपमा लिने गलत प्रचलन छ । वास्तवमा पाठ्यक्रमलाई आधार मानेर शिक्षकले अन्य स्रोत सामग्रीका आधारमा शिक्षण गर्न सक्नुपर्दछ । शिक्षार्थीले पनि पाठ्यपुस्तकलाई एउटा आधार मानेर अन्य सान्दर्भिक सामग्री समेत अध्ययन गर्ने बानीको विकासमा जोड दिनुपर्दछ । पाठ्यपुस्तकका आधारमा शिक्षकलाई योजनातर्जुमा गर्न, उपयुक्त शिक्षण विधि प्रयोग गरेर शिक्षण गर्न, विद्यार्थीलाई उपयुक्त अभ्यास गराउन र शिक्षण सिकाइ उपलब्धिको मूल्याङ्कन गर्न यसले महत्व राख्दछ । त्यसैले भाषा पाठ्यपुस्तकको छनोट गर्नु आवश्यक छ ।

भाषा पाठ्यपुस्तकको प्रकृति अन्य पाठ्यपुस्तकको प्रकृति भन्दा छुट्टै विशेषताले भरिपूर्ण हुन्छ । भाषा शिक्षण गर्नु भनेको विषयवस्तुको शिक्षण गर्नु होइन । बरू भाषा शिक्षण गर्नु भनेको भाषिक विषयवस्तु बुझ्ने तथा व्यक्त गर्ने सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्नु भएकोले भाषा पाठ्यपुस्तकको प्रयोग अन्य विषयको पाठ्यपुस्तक भन्दा फरक ढङ्गले गर्नु आवश्यक छ ।

भाषा पाठ्यपुस्तकको मूलभूत उद्देश्य भनेको भाषिक कुशलता प्राप्त गर्नु हो । भाषामा कुशलता प्राप्त गर्नु हो । भाषामा विषयगत र विधागत हुनु पर्दछ अथवा विषयगत र विधागत विषयवस्तुको संयोजन गरिनुपर्दछ । त्यसबाहेक भाषा पाठ्यपुस्तक एउटै लेखकले मात्रै तयार गर्न सक्दैन । किनभने यसमा विभिन्न विषय र विधाका विषयवस्तुहरूलाई समावेश गरी पाठ्यपुस्तकका पाठ सुहाउँदा आवश्यक चार्ट, चित्र आदिको प्रयोग, नमुना

अभ्यासको सिर्जना र व्याकरणको समेत प्रयोग साहित्यिक र साहित्येत्तर सामग्रीको समायोजन समेत गरिएको हुन्छ (लामिछाने, २०६१:६०) ।

भाषा पाठ्यक्रमको दायराभित्र रही निर्धारित भाषिक विषयवस्तुहरूलाई विद्यार्थीको स्तर, क्षमता, रूचि अनुकुल, पाठ्यांशमा ढालेर क्रमबद्ध ढङ्गको भाषिक सीप र संज्ञान सिकाउने उद्देश्यले विभिन्न भाषिक विषयवस्तुलाई सङ्गठित गरी अध्ययन, अध्यापन र अभ्यासमा सहयोग पुऱ्याउन तयार गरिएको उपयुक्त पाठ्य सामग्री नै भाषा पाठ्यपुस्तक हो (शर्मा र पौडेल, २०६०:३४१) ।

क) भाषा पाठ्यपुस्तकको मूल उद्देश्य विभिन्न भाषिक सीप र ज्ञानको विकास गर्नु हो ।

ख) भाषा पाठ्यपुस्तकमा विषयवस्तु, साधन मानिन्छ भने भाषा साध्य हुन्छ ।

ग) साहित्यिक र साहित्येत्तर दुवै किसिमका विषयवस्तु ।

घ) यो सिर्जनात्म अभिव्यक्तिको सँगालो होइन, यसमा सबै सामग्री अभ्यासमूलक बनाउने प्रयास गरिएको हुन्छ ।

ङ) विषयगत र विधागत विविधता ।

च) नमुना अभ्यास तथा विभिन्न चित्र, चार्ट आदिको संयोजन ।

छ) वस्तुपरक, भावनात्मक, आत्मपरक तथा आलङ्कारिक शैली ।

ज) वैयक्तिक पहिचानात्मकता, तार्किकता, उत्पादकत्व, प्रयोगात्मकता, भाषिक लिपिपरक सिर्जनात्मकता, अभिनयात्मकता, मौलिकता ।

झ) भाषातत्व र व्याकरणसँग सम्बन्धित प्रशस्त अभ्यासहरूको समावेश ।

ञ) विविध क्षेत्रका शब्दभण्डारको समावेश ।

आदि पक्षहरू भाषा पाठ्यपुस्तकका विशेषता हुन् । समग्रमा भाषा पाठ्यपुस्तकलाई अध्ययन गर्दा यसको मूलभूत उद्देश्य भाषिक कुशलता प्राप्त गर्नु हो । यसमा विषयगत र विधागत विविधता, भाषातत्व र व्याकरणका शिक्षणको लागि पाठ्यक्रमलाई आधार मानी विभिन्न लेखनहरूद्वारा छनोट गरिएको पाठ्यवस्तुलाई उचित र उपयुक्त स्थानमा समावेश गर्नुलाई स्तरण भनिन्छ (लामिछाने, २०६१:६०) । यसरी छनोट र स्तरणका आधारमा तयार पारिएका पाठ्य सामग्रीलाई भाषा पाठ्यपुस्तक भनिन्छ ।

### २.३.३ शिक्षक निर्देशिका

शिक्षक निर्देशिकामा शिक्षकले कुन कुन दिन, कुन कुन पाठ अध्यापन गराउने, यसका लागि के कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने, कुन कुन विधि अपनाइने र मूल्याङ्कन कसरी गर्ने भन्ने कुराको निश्चित गरिएको हुन्छ । यसले गर्दा शिक्षण कार्यमा शिक्षक अल्मलिनु पर्दैन र निश्चित तोकिएको समयमा पाठहरू अध्यापन गराउन सहज हुन्छ । यसरी यसमा शिक्षण सम्बन्धी मुख्य मुख्य कुराहरू समावेश हुने भएकाले यसले शिक्षणलाई योजनाबद्ध, उद्देश्यपूर्ण र व्यावहारिक बनाउन सहयोग पुऱ्याउँछ । त्यस्तै शिक्षण कार्य समयमा निश्चित विषय वस्तुको अध्यापन गराउन सहज र सुगम हुन्छ । शिक्षक निर्देशिकाको समुचित प्रयोग गरी स्थानीय आवश्यकता र पाठको प्रकृति अनुसार अन्य शिक्षण विधि, स्थानीय स्रोत र सामग्री आदिको प्रयोग गरी शिक्षण गर्न सकेमा शिक्षण प्रभावकारी र अर्थपूर्ण हुन्छ । समग्रमा भन्दा शिक्षक निर्देशिकाको प्रयोग निम्न कार्यमा गर्न सकिन्छ :

क) विभिन्न प्रकारका शिक्षण योजना निर्माण र प्रयोग गर्न,

ख) विद्यार्थी केन्द्रित शिक्षण विधिको छनोट र प्रयोग गर्न,

ग) उपयुक्त शिक्षण सामग्रीको छनोट र प्रयोग गर्न,

घ) विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलापहरू चयन गरी व्यवहारमा ल्याउन,

ङ) निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न (पाठ्यक्रम विकास केन्द्र, २०६८ : ७८) ।

पाठ्यपुस्तकमा भएका विषय वस्तुहरूलाई कसरी प्रभावकारी ढङ्गबाट पठन पाठन गर्ने भन्ने कुराको विस्तृत विवरण सहित शिक्षकलाई निर्देशन गर्ने काम शिक्षक निर्देशिकाले गर्दछ । यस्तो निर्देशिकामा पाठ्यपुस्तकमा दिएका प्रत्येक पाठ पढाउनका उद्देश्य, शिक्षण विधि, शैक्षिक सामग्री एवम् मूल्याङ्कनको साधनहरू उल्लेख गरेको हुन्छ । शिक्षक निर्देशिकाको उद्देश्य यस प्रकार छन् :

क) पाठ्यक्रमले निर्धारण गरेका पाठ्यपुस्तकमा समावेश विषय वस्तुलाई प्रभावकारी रूपमा शिक्षण गर्न शिक्षकलाई सहयोग गर्नु ।

ख) पाठ्यपुस्तकमा उल्लेखित विषय वस्तुलाई प्रभावकारी रूपमा शिक्षण गर्न आवश्यक पर्ने शैक्षिक सामग्री, क्रियाकलाप तथा मूल्याङ्कन विधि बारे मार्ग निर्देशन गर्नु ।

ग) पाठ्यपुस्तकमा उल्लेखित व्यावहारिक क्रियाकलाप गर्ने, गराउने विधि एवम् तरिकाहरूको जानकारी शिक्षकहरूलाई दिई शिक्षण सिकाइमा सहयोग पुऱ्याउनु ।

घ) शिक्षकहरूलाई अध्यापनको ज्ञान, सिपको विकास गरी सम्बन्धित विधिको अध्यापनमा प्रभावकारिता ल्याउनु ।

ङ) विद्यार्थीको सिकाइ प्रक्रियामा सुधार ल्याई विषयगत उपलब्धिमा अभिबृद्धि गर्नु (कार्की, २०७० : ५७) ।

वर्तमान अवस्थामा विद्यालय शिक्षामा शिक्षक निर्देशिकाको आवश्यकतालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

क) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न ।

ख) पाठ्यक्रमका उद्देश्य, क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया अनुसार शिक्षण गर्न ।

ग) पाठ्यक्रमका उद्देश्य प्राप्त गर्न उपयुक्त ढङ्गको शिक्षण योजना बनाइ कार्यान्वयन गर्न ।

घ) उपयुक्त शैक्षिक सामग्री र शिक्षण विधिको छनोट गरी शिक्षण प्रक्रियालाई रोचक, प्रभावकारी र क्रियाकलापमुखी बनाउन ।

ङ) पाठ्यक्रम र पाठ्यपुस्तक बिचको सम्बन्ध सूत्र कायम गर्न ।

च) पाठ्यक्रमद्वारा निर्दिष्ट उद्देश्य, शैक्षिक सामग्री, शिक्षण विधि, शिक्षण क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया अपनाउ ।


छ) तालिम अप्राप्त नवप्रवेशी शिक्षकका लागि शिक्षणको मार्ग दर्शक सामग्रीका रूपमा भूमिका निर्वाह गर्न ।

ज) क्रमबद्ध र समय सीमा भित्र शिक्षण गर्न ।

झ) शिक्षकका लागि पूर्व तयारी गर्न ।

ञ) शिक्षणमा एकरूपता ल्याउन, सघाउन (अधिकारी, २०७३ : २११) ।

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्ने क्रममा निम्न लिखित सैद्धान्तिक अवधारणा तयार पारिएको छ ।



# अध्याय : तीन
# अध्ययन विधि र प्रक्रिया

उद्देश्यपूर्ण र प्रभावकारी भाषा शिक्षण गर्न नेपाली भाषा पाठ्यक्रमले निर्दिष्ट गरे अनुसार पाठ्यपुस्तक तयार गरी प्रभावकारी, रूचिपूर्ण, मनोरञ्जनात्मक एवम् विद्यार्थीको पृष्ठभूमि अनुसार शिक्षण विधिको प्रयोग गरी प्रभावकारी कक्षा शिक्षण गर्न शिक्षक निर्देशिकाको प्रयोग आवश्यक हुन्छ । यस शोधकार्यमा गुणात्मक र परिमाणात्मक ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनमा तनहुँ जिल्लाका कक्षा १० का नेपाली विषयका सम्पूर्ण शिक्षकहरूलाई जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । शोधकार्यलाई प्रामाणिक, विश्वासनीय, वैध बनाउनका लागि प्रश्नावलीको प्रयोग गरिएको छ । तथ्याङ्कन सङ्कलनका क्रममा अध्येता उल्लेखित विद्यालयहरूमा उपस्थित भई नेपाली विषय शिक्षकहरूलाई प्रत्यक्ष रूपमा भेटघाट, कक्षा अवलोकन, छलफल र प्रश्नावलीको प्रयोग गरेर मा.वि. तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा

समस्याको अध्ययन अनुसन्धान गर्न निश्चित विधिहरूको प्रयोग गर्नुपर्ने हुन्छ । अनुसन्धानका लागि बनाइएको विस्तृत योजनालाई अनुसन्धान ढाँचा भनिन्छ । कुनै पनि अनुसन्धानका लागि अनुसन्धान ढाँचाको छनोट गर्ने कार्य अध्ययन वा अनुसन्धानको उद्देश्यमा आधारित हुन्छ । अनुसन्धान आफैमा व्यवस्थित र तर्क सङ्गत रूपले खोजी गर्ने कार्य भएकाले यसमा अनुसन्धानको प्रकृति अनुसार खास विधि तथा पद्धतिको उपयोग गर्नुपर्ने हुन्छ । अनुसन्धानमा विधिको प्रयोग गर्दा समस्या र विषय वस्तुको बारेमा विस्तृत जानकारी प्रदान गरी निष्कर्षमा पुग्न मद्दत पुऱ्याउँछ । यस शोधकार्यमा गुणात्मक र परिमाणात्मक ढाँचाको समावेश गरी शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन गरिएको छ ।

## ३.२ जनसङ्ख्या

प्रस्तुत शोधपत्र तनहुँ जिल्लाका कक्षा १०मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययनसँग सम्बन्धित रहेको छ । यस अध्ययनमा तनहुँ जिल्लाका

माध्यमिक विद्यालयका नेपाली विषयका सम्पूर्ण शिक्षकहरूलाई जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । कक्षा १० का शिक्षकहरूलाई प्रत्यक्ष रूपमा भेटी व्यक्तिगत छलफल, प्रश्नोत्तर गरेर शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अनुसन्धान गरिएको छ । अध्ययनका लागि कक्षा १० का शिक्षकहरूलाई प्रत्यक्ष भेटघाट गरी सङ्कलन गरिएको स्रोत प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ । द्वितीय स्रोतका रूपमा शिक्षक निर्देशिका सम्बन्धी यस अघि गरिएको अध्ययनको प्रतिवेदन, शोध, प्रबन्ध, पुस्तक, शब्दकोश, पत्रपत्रिकाहरू प्रयोग गरिएको छ ।

## ३.३ नमुना छनोट र छनोट प्रक्रिया

नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको सम्बन्धित क्षेत्रमा गएर अध्ययन गर्ने काम सर्वेक्षण विधिमा गरिएको छ । सीमित समय र खर्चका कारण यस विधिमा सम्पूर्ण जनसङ्ख्यालाई लिन मुस्किल पर्ने हुनाले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व नमुना जनसङ्ख्याबाट गराइएको छ । यस विधिमा सबैभन्दा बढी तथ्याङ्क सङ्कलनलाई जोड दिइएको छ । यस अध्ययनका लागि सम्भावना नमुना छनोट प्रक्रियाका आधारमा तनहुँ जिल्लाका १० वटा सामुदायिक विद्यालय र १० वटा संस्थागत विद्यालयका २० जना शिक्षकहरू प्रतिनिधि नमुना छनोटका रूपमा छनोट गरिएको छ । यिनै २० जना शिक्षकहरूको आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ तथ्याङ्क वा सूचना सङ्कलनका उपकरण

अध्ययन अनुसन्धानका क्रममा शोध निर्देशकको सल्लाह, सुझावलाई मध्यनजर गर्दै सम्भावित केही साधनहरूको प्रयोग गरिएको छ । शोधकार्यलाई प्रामाणिक, विश्वासनीय र वैध बनाउनका लागि प्रश्नावलीको प्रयोग गरिएको छ । ७ वटा अति छोटो उत्तर दिनुपर्ने प्रश्नहरू हुनेछन् भने १२ वटा ठिक बेठिक चिन्ह लगाउने प्रश्नहरू छन् । उक्त प्रश्नहरू विषय शिक्षकहरूसँग सोधिएको छ । उहाँहरूले दिनुभएका उत्तर कापीमा टिपोट गरिएको छ । सामग्री सङ्कलन गर्न छनोट गरिएका विद्यालय, शिक्षकहरू, प्रश्नावलीहरू नै उपकरणका रूपमा रहेको छ ।

## ३.५ तथ्याङ्क वा सूचना सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलनका क्रममा अध्येता उल्लेखित विद्यालयहरूमा उपस्थित भई नेपाली विषय शिक्षकहरूलाई प्रत्यक्ष रूपमा भेटघाट गरेर निर्माण गरिएको प्रश्नावलीको आधारमा मा.वि. तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन गरिएको छ । शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग गरे नगरेको पत्ता लगाइएको छ । निर्देशिकाको सबल र दुर्बल पक्षको बारेमा पनि छलफल गरी त्यही अनुसार तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.६ व्याख्या तथा विश्लेषण प्रक्रिया

यस अध्ययनमा शिक्षकहरूलाई प्रत्यक्ष भेटघाट, छलफल, प्रश्नावली, कक्षा अवलोकनका तथ्याङ्कलाई विभिन्न तरिकाबाट बुँदामा केलाएर गुणात्मक र परिमाणात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ । द्वितीय तथ्याङ्क सङ्कलनका लागि शिक्षक निर्देशिका सम्बन्धी लेखिएका लेख, रचनाहरू, पुस्तक, पत्रपत्रिका आदि स्रोतबाट तथ्याङ्क सङ्कलन गरी प्राथमिक तथ्यसँग केलाएर विश्लेषण गरिएको छ ।

# अध्याय : चार

# व्याख्या र विश्लेषण

## ४.१ भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तरसम्बन्ध

पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि तयार गरिएको शैक्षिक कार्यक्रम हो । जुन व्यवस्थित र सङ्गठित हुन्छ । पाठ्यक्रम शिक्षण सिकाइको प्रमुख सामग्री हो । यसै सामग्रीका आधारमा पाठ्यपुस्तक र शिक्षक निर्देशिका तयार पारिएको हुन्छ । अतः पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको विशेष भूमिका खेलेको हुन्छ । पाठ्यक्रमलाई आधार मानेर पाठ्यपुस्तक र पाठ्यपुस्तकलाई आधार मानेर शिक्षक निर्देशिका तयार गरिएको हुँदा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबीच अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ । तल भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तर सम्बन्धलाई केलाउन खोजिएको छ ।

### ४.१.१ भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तक

पाठ्यक्रम भनेको कुनै पनि शिक्षण सिकाइको योजनाबद्ध कार्यक्रम हो । हरेक विषयको प्रकृति अनुसार भिन्न भिन्न पाठ्यक्रम तयार गरिएको हुन्छ वा तयार गर्नुपर्दछ । विषय र प्रकृतिका आधारमा पाठ्यक्रम भनेको कुनै पनि कक्षा वा तहका लागि भाषिक आवश्यकताको विश्लेषण गरी तिनै आवश्यकताहरु परिपूर्ति गर्ने उद्देश्यले उपयुक्त किसिमका उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, अङ्कभार र समयभार आदिको व्यवस्थित तर्जुमा गरेर निर्माण गरिएको भाषा सिकाइको मूल कार्यक्रम हो । भाषा पाठ्यक्रम अपेक्षाहरु पूरा गर्न विभिन्न किसिमका स्रोत र सामग्रीहरुको आवश्यकता पर्दछ । शिक्षण सिकाइको अपेक्षाहरु पूरा गर्न पाठ्यक्रम एक्लैले सम्भव छैन । पाठ्यक्रमका अपेक्षा र मर्महरुलाई शिक्षक, विद्यार्थी शिक्षण गर्न उपयुक्त स्थान आवश्यक भवन, फर्निचर तथा विभिन्न पाठ्य सामग्रीहरुको संयुक्त प्रयासबाट पूरा गराउने महत्वपूर्ण र भरपर्दो सामग्री भने पाठ्यपुस्तक नै हो । विधागत विविधता र विषयवस्तुको छनोट तथा स्तरण गरी भाषिक सीपहरुको प्रकृति अनुसार भाषा पाठ्यपुस्तक तयार गरिन्छ । शिक्षकहरुलाई भाषा पाठ्यक्रमले राखेका उद्देश्यहरु योजनाबद्ध ढङ्गले शिक्षण गर्न अभ्यास गराउने र

विद्यार्थीहरुलाई उद्देश्य अनुसार पढ्न र अभ्यास गर्न उपयुक्त तथा भरपर्दो साधन भाषा पाठ्यपुस्तक हो । जुन शिक्षण वा सिकाइका क्रममा बढी प्रयोगमा आउने गर्दछ ।

### ४.१.२ पाठ्यक्रम र शिक्षक निर्देशिका

सिकाइको योजनाबद्ध कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ भने भाषिक सीप शिक्षणका लागि तय गरिएको भाषा शिक्षण सम्बन्धी गोरेटो वा कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ । विद्यार्थीहरुको रुचि, क्षमता, आवश्यकता, पृष्ठभूमि आदिका आधारमा भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) शिक्षण गर्नका लागि भाषा पाठ्यक्रममा उद्देश्य निर्धारण गरिएको हुन्छ भने तिनै भाषिक सीप सिकाउनका लागि वा तोकिएको उद्देश्य पूरा गर्नका लागि शिक्षक निर्देशिकाको प्रयोग गरिएको हुन्छ । भाषा पाठ्यक्रमद्वारा तोकिएको उद्देश्य सहज रुपमा पूरा गर्नका लागि निर्देशिकाले मुख्य भूमिका खेलेको हुन्छ । जसले गर्दा शिक्षण गर्ने शिक्षक र सिकारु दुवैका लागि फाइदा पुग्ने देखिन्छ ।

शिक्षण गर्ने क्रमका लागि एवम् सिकाइका लागि पाठ्यक्रममा विविध उद्देश्यहरु राखिएको हुन्छ । जुन उद्देश्यहरु व्यवहारिक रुपमा पूरा गर्ने सहयोगी सामग्री शिक्षक निर्देशिका हो । पाठ्यक्रममा तोकिएको उद्देश्यहरु पूरा गर्नका लागि निर्देशिकाको सहयोग नितान्त आवश्यक पर्दछ । भाषा पाठ्यक्रम विद्यालयभित्री बाहिरी परिवेशमा प्रयोग हुने मानव जीवन ज्ञान र अनुभवहरुको सार हो भने शिक्षक निर्देशिका तिनै ज्ञान र अनुभवलाई सफल तुल्याउदै कतिपय पाठ्यक्रममा रहेका अस्पष्ट कुराहरुलाई स्पष्ट पार्दै व्यवहारमा अभ्यस्त बनाउने साधन हो । समग्रमा भन्नुपर्दा पाठ्क्रमलाई पछ्याउने निर्देशिका र निर्देशिकाले प्रयोगका लागि लिने आधार पाठ्यक्रमका बीच अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ । यी दुवै एकअर्का बिना शिक्षण कार्य सफल हुन सक्दैनन् ।

### ४.१.३ भाषा पाठ्यपुस्तक र शिक्षक निर्देशिका

शिक्षण सिकाइका क्रममा प्रयोग गरिएको पाठ्यक्रम पछिको महत्वपूर्ण साधन पाठ्यपुस्तक हो भने भाषिक सीप शिक्षणका लागि प्रयोग गरिएको पुस्तक नै भाषा पाठ्यपुस्तक हो । पाठ्यक्रम शिक्षण सिकाइको योजना वा गोरेटो हो । जुन योजनाको आधारमा शिक्षण गर्न शिक्षकलाई जति सहज हुन्छ । त्यति नै विद्यार्थीका लागि सिक्न प्रभावकारी हुने पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक निर्माण गरिएको पाइन्छ । पाठ्यक्रमका

विभिन्न उद्देश्यहरु राखिएको हुन्छ । जुन उद्देश्यहरु विषयका आधारमा फरक फरक हुने गर्दछन् । विभिन्न विषयहरु मध्ये भाषा विषयको सन्दर्भमा भाषिक सीपको शिक्षणको उद्देश्य पाठ्यक्रममा तोकिएको हुन्छ भने सोही उद्देश्य पूरा गर्नका लागि पाठ्यपुस्तक तयार गरिएको हुन्छ । जुन पाठ्यपुस्तक सिकाइको महत्वपूर्ण तथा आधिकारिक सामग्री मानिन्छ । भाषा पाठ्यक्रमका सैद्धान्तिक कुरालाई व्यवहारिक प्रक्रियामा ढालेर प्रभावकारी रुपमा भाषिक सीपहरु सिकाउने भरपर्दो साधनको रुपमा भाषा पाठ्यपुस्तकलाई मानिन्छ । पाठ्यक्रमको अपेक्षा अनुरुप भाषा पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुलाई मूर्त रुप दिनका लागि शिक्षक निर्देशिकाको महत्वपूर्ण भूमिका खेलेको हुन्छ । भाषा पाठ्यपुस्तकमा समावेश गरिएको विषयवस्तुहरु कसरी कुन कार्यकलापद्वारा कति समयमा कति विषयवस्तु कस्तो शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा फाइदा हुने गर्दछ वा सिकाउन वा सिक्न कसरी सहज हुन्छ अथवा कसरी भाषिक सीपको विकास गर्न सकिन्छ भन्ने कुराको सुझ शिक्षक निर्देशिकाले दिन्छ । त्यस्तै कक्षाकोठामा व्यवस्थित, योजनाबद्ध रुपमा शिक्षण गरी विद्यार्थीमा रोचकता पैदा गर्दै विद्यार्थी केन्द्रित वस्तुनिष्ठा भाषा शिक्षण गर्न निर्देशिका सहयोगी साधन बनेको हुन्छ । यस अर्थमा भन्न सकिन्छ पाठ्यपुस्तकलाई सहज रुपमा विद्यार्थी माझ कार्यान्वयन गर्न निर्देशिकाको प्रयोग गर्ने गरिन्छ । जुन शिक्षणका लागि अपरिहार्य पक्ष मानिन्छ । पाठ्यक्रमले राखेका अपेक्षा परिपूर्तिका लागि पाठ्यपुस्तक र शिक्षक निर्देशिकाले सँगसँगै आ आफ्नो भूमिका निर्वाह गर्नु आवश्यक छ ।

## ४.२ कक्षा १० मा नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन

शिक्षाका राष्ट्रिय तहगत र कक्षागत उद्देश्यहरु पाठ्यक्रममा समावेश गरिएको हुन्छ भने सो लाई प्रस्तुत गर्ने तौरतरिकाका लागि शिक्षक निर्देशिका तयार गरिएको हुन्छ, त्यसैले प्रस्तुत अध्ययनमा सर्वप्रथम के कस्ता उद्देश्य राखिएको छ भनी अध्ययन गरिन्छ ।

कक्षा दशमा साधारण तथा विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्:

**अ) साधारण उद्देश्य**

१) विभिन्न सन्दर्भमा व्यक्त भएका हाउभाउ सहितका मौखिक अभिव्यक्तिहरुलाई ख्याल गरेर प्रतिक्रिया जनाउने गरी सुन्न ।

२) संचारका विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तु र घटनालाई सुनेर बुझ्न ।

३) आफुले पढेका र सुनेका शब्दहरुको शुद्धसँग उच्चारण गर्न ।

४) कुराकानी प्रश्नोत्तर, वादविवाद, छलफल जस्ता गतिविधिहरु प्रभावकारी रुपमा मौखिक अभिव्यक्ति दिन ।

५) देखेका, सुनेका, पढेका घटना तथा विषयवस्तुहरु बुझी तिनका आधारमा मौखिक प्रश्नोत्तर गर्न ।

६) लिखित सामग्रीहरुलाई गति, यति र लय मिलाई भावनुसार शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न ।

७) कथा, कविता, निबन्ध, आदि साहित्यिक रचनाहरु रुचि लिइ पढ्न ।

८) लिखित सामग्रीहरुलाई निश्चित प्रयोजनका लागि पढ्न ।

९) शुद्धसँग हिज्जे र लेख्य चिन्हहरु मिलाई लेख्न ।

१०) व्यवहारमा उपयोगी हुने पत्रहरु लेख्न ।

११) स्वतन्त्र रुपमा अनुच्छेद दैनिकी र निबन्धको रचना गर्न ।

१२) बोल्दा र लेख्दा सन्दर्भ अनुसार शिष्ट र उपयुक्त भाषाको प्रयोग गर्न ।

१३) बोल्दा र लेख्दा उखान टुक्काको प्रयोग गर्न ।

१४) व्याकरणका आधारभूत नियमहरुको पालना गरी अभिव्यक्ति दिन ।

१५) नेपाली शब्दकोशको प्रयोग गर्न ।

**आ) विशिष्ट उद्देश्य**

**क) सुनाइ र बोलाइ**

- हाउभाउ, आघात, लय, चेष्टा, अभिनय आदिको ख्याल गरी सन्दर्भ अनुसार अभिव्यक्ति सुनेर मौखिक रुपमा व्यक्त गर्न ।
- शब्दहरुको शुद्ध र स्पष्ट उच्चारण गर्न ।
- आफुले देखे सुनेका र पढेका विषयवस्तु वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई व्यक्त गर्न ।
- विभिन्न प्रकारका मौखिक अभिव्यक्तिहरु सुनेर तार्किक रुपमा आफ्नो विचार व्यक्त गर्न ।

- कुराकानी, प्रश्नोत्तर, संवाद, मनोवाद आदि मौखिक अभिव्यक्तिहरुमा सक्रिय रुपमा सहभागी दर्शाउन ।
- आफुले भन्न चाहेका कुरालाई शिष्ट र उपयुक्त भाषाशैलीमा अभिव्यक्ति दिन ।
- मौखिम रुपमा अभिव्यक्त भएका विषयवस्तु बुझी आफ्ना शब्दमा मुख्य मुख्य कुरा भन्न ।
- सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गरी बोल्न ।

**ख)** **पढाइ**

- लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न ।
- लिखित सामग्रीको मौन वाचन गरी पढाइको गति विकास गर्न ।
- मुख्य मुख्य कुराहरु बुझ्ने गरी विभिन्न विषयवस्तुको प्रकृति अनुसार पढ्न ।
- विभिन्न पाठहरु तथा तिनका विशिष्ट अंशहरुको व्याख्या, सप्रसङ्ग व्याख्या एवम् विवेचना गर्न सक्ने गरी पढ्न ।
- विभिन्न विषयवस्तुहरु पढी शब्दभण्डार बृद्धि गर्न ।
- लिखित सामग्री विभिन्न प्रयोजनका लागि पढ्न ।

**ग)** **लेखाइ**

- वर्णविन्यास (हिज्जे) र लेख्य चिन्हहरु मिलाइ लेख्न ।
- सफा र स्पष्टसँग लेख्न र लेखेको कुरा सच्याउन ।
- विभिन्न विषयहरुमा अनुच्छेद लेख्न ।
- आफुले देखेका, सुनेको र पढेका घटना तथा विषयवस्तुका बारेमा लिखित वर्णन गर्न ।
- मौखिक तथा लिखित अभिव्यक्तिहरुको बुँदा टिपोट गर्न र सारांश लेख्न ।
- विभिन्न पाठ तथा तिनका विशिष्ट अंशहरुको व्याख्या, सप्रसङ्ग व्याख्या र विवेचना गर्न ।
- व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा, शुभकामना जस्ता पत्रहरु लेख्न ।

- संवाद, मनोवाद, वादविवाद र निबन्ध लेख्न ।
- प्रचलित र सान्दर्भिक विभिन्न शब्द तथा उखान टुक्काहरुको अर्थ स्पष्ट हुने गरी व्याख्यामा प्रयोग गर्न ।
- लिखित अभिव्यक्तिको क्रममा व्याकरणका आधारभूत नियम पालना गर्न ।

यसरी पाठ्यक्रमले तोकेका कक्षागत, तथा तहगत उद्देश्य पुरा गर्नका लागि कक्षा दशको अनिवार्य नेपाली नामक भाषा पाठ्यपुस्तकमा जम्मा १६ वटा पाठहरु समावेश गरिएका छन् । यी पाठहरु शिक्षण गर्नका लागि प्रति हप्ता पाँच घण्टी र वार्षिक एक सय पचास घण्टी पाठ्यभार छुटयाइएको छ । शिक्षक निर्देशिकामा स्पष्ट रुपमा हरेक पाठको पाठ्यवस्तु र पाठ्यभार देखाइएको छ भने हरेक पाठको क्षेत्र बारे स्पष्ट पार्ने क्रममा मौन रहेको पाइन्छ । भाषा पाठ्यपुस्तकमा समावेश गरिएको १६ वटा पाठहरुमा कविता, कथा, निबन्ध, जीवनी, मनोवाद, चिठी, वादविवाद, एकाङ्की जस्ता विधाहरु समावेश गरेको पाइन्छ । यी विधाहरु कै आधारमा माथिका कक्षागत उद्देश्य पुरा गर्न पाठको अन्तयमा कठिन शब्दका अर्थ दिइएको छ भने अभ्यास खण्ड प्रत्येक पाठको अन्त्यमा राखिएको छ । अभ्यास खण्डमा छोटो उत्तर, व्याख्या, स्पष्ट उच्चारण, सच्याएर कापीमा सार्ने, वाक्यमा प्रयोग, शब्दको अर्थ, ठीक बेठीक छुट्याउनका साथै व्याकरण सम्बन्धी अभ्यास राखिएको छ भने विभिन्न विधाहरुलाई चक्रिय प्रणाली अनुरुप समावेश गरिएको छ ।

कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकका चक्रिय प्रणाली अनुसार विभिन्न विधाहरु समावेश गरिए तापनि तलको तालिकामा समग्रमा यसरी प्रस्तुत गरिएको छ जुन निर्देशिकाले शीर्षक, पाठ्यवस्तु, पाठ्यभार यसरी तोकेको पाइन्छ ।

### ४.२.१ पाठ्यपुस्तकमा समाविष्ट विधा र पाठ्यवस्तु

**तालिका नं. १**

**कक्षा दशको कविता विधाको वर्गीकरण**

| क्र.सं. | शीर्षक | पाठ्यवस्तु | पाठ्यभार | कै. |
|---|---|---|---|---|
| 1 | प्रश्नोत्तर | लय, वाचन र शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, भाव विस्तार, सप्रसङ्ग व्याख्या, प्रश्नोत्तर, व्याकरण (शब्दवर्ग) | 10 | |
| 2 | वैशाख | लय, वाचन र शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, भाव विस्तार, सप्रसङ्ग व्याख्या, प्रश्नोत्तर, व्याकरण (प्रेरणार्थक वाक्यान्तरण) | 10 | |
| 3 | सहिदहरूको सम्झनामा | लय, वाचन र शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, सप्रसङ्ग व्याख्या, प्रश्नोत्तर, व्याकरण (हिज्जे र विराम चिन्ह) | | |

**तालिका नं. २**

**कक्षा दशको कथा विधाको वर्गीकरण**

| क्र.सं. | शीर्षक | पाठ्यवस्तु | पाठ्यभार | कै. |
|---|---|---|---|---|
| 1 | कर्तव्य | सस्वर, वाचन र शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर र सारांश लेखन, व्याकरण (पद संगति) | 9 | |
| 2 | दोषी चस्मा | सस्वर, वाचन र शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर र सारांश लेखन, विषयवस्तु सम्बन्धी छलफल, प्रश्नोत्तर, कथा लेखन, व्याकरण (करण अकरण) | 10 | |
| 3 | न्यायको पक्ष | सस्वर, वाचन र शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर र सारांश लेखन, व्याख्या, व्याकरण (वाक्यका प्रकार) | | |

**तालिका नं. ३**

**कक्षा दशको निबन्ध विधाको वर्गीकरण**

| क्र.सं. | शीर्षक | पाठ्यवस्तु | पाठ्यभार | कै. |
|---|---|---|---|---|
| 1 | जय भोली | सस्वर, वाचन र शुद्धोच्चारण, शब्दार्थ, उखान टुक्का वाक्यमा प्रयोग, द्रुत पठन र बोध, मौखिमक र लिखित अभिव्यक्ति, वर्णन, प्रश्नोत्तर, व्याकरण (धातु र यसका प्रकार) | 10 | |
| 2 | मिथिला चित्रकला | शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, बुँदा टिपोट, बोध र प्रश्नोत्तर, निबन्ध लेखन (सङ्केत वा बुँदामा आधारित) निबन्ध लेखन (स्वतन्त्र निबन्ध) व्याकरणमा (वाक्य र वाच्य परिवर्तन) | 10 | |
| 3 | यन्त्र मानव | शुद्धोच्चारण र वाक्यमा प्रयोग, बोध र सारांश बुँदा टिपोट र अनुच्छेद लेखन, व्याकरण (वाक्य संश्लेषण) | 9 | |

**तालिका नं. ४**

**कक्षा दशको जीवनी विधाको वर्गीकरण**

| क्र.सं. | शीर्षक | पाठ्यवस्तु | पाठ्यभार | कै. |
|---|---|---|---|---|
| 1 | जयपृथ्वी बहादुर सिंह | सस्वर, वाचन र शुद्धोच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, विषयवस्तु सम्बन्धी छलफल र प्रश्नोत्तर, मुख्य घटनाक्रम टिपोट वर्णन, व्याकरण (काल र पक्षका आधारमा वाक्य परिवर्तन) | 10 | |
| 2 | इमानसिंह चेम्जोङ | सस्वर, वाचन र शुद्धोच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, विषयवस्तु सम्बन्धी छलफल र प्रश्नोत्तर, घटनाक्रम टिपोट वर्णन, सारांश कथन र लेखन व्याकरण (कारक र विभक्ति ) | 8 | |
| 3 | नेल्सन मण्डेला | सस्वर, वाचन र शुद्धोच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, बुँदा टिपोट र सारांश लेखन, बोध प्रश्नोत्तर, व्याख्या, जीवनी लेखन, व्याकरण ( शब्द भण्डार ) | 10 | |

**तालिका नं. ५**

**कक्षा दशको मनोवाद विधाको वर्गीकरण**

| क्र.सं. | शीर्षक | पाठ्यवस्तु | पाठ्यभार | कै. |
|---|---|---|---|---|
| 1 | काम खोज्दै जाँदा | शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, मनोवाद पठन र प्रश्नोत्तर, मनोवाद रचना र अभिनय, व्याकरण (भावका आधारमा वाच्य परिवर्तन) | 10 | |

**तालिका नं. ६**

**कक्षा दशको चिठी विधाको वर्गीकरण**

| क्र.सं. | शीर्षक | पाठ्यवस्तु | पाठ्यभार | कै. |
|---|---|---|---|---|
| 1 | व्यापारिक चिठी | चिठी पठन र प्रश्नोत्तर, चिठी रचना (प्रत्युत्तर लेखन) | 6 | |

**तालिका नं. ७**

**कक्षा दशको वादविवाद विधाको वर्गीकरण**

| क्र.सं. | शीर्षक | पाठ्यवस्तु | पाठ्यभार | कै. |
|---|---|---|---|---|
| 1 | भाग्य भन्दा परिश्रम ठूलो | शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, वादविवाद पठन र प्रश्नोत्तर, बुँदा टिपोट, सारांश कथन लेखन, वादविवाद रचना र कक्षा प्रस्तुति, उखान ( शब्दभण्डार) पारिभाषिक र प्राविधिक शब्द | 10 | |

**तालिका नं. ८**

**कक्षा दशको एकाङ्की विधाको वर्गीकरण**

| क्र.सं. | शीर्षक | पाठ्यवस्तु | पाठ्यभार | कै. |
|---|---|---|---|---|
| 1 | घरको माया | सस्वर, वाचन र शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, संवाद पठन र प्रश्नोत्तर, सवादको परिचय, संवाद रचना र अभिनय शब्द निर्माण | 10 | |

### ४.२.२ पाठ्यक्रम र पाठ्यपुस्तक अनुरूप शिक्षक निर्देशिकाको विश्लेषण

कुनै पनि तहको निर्देशिकाको निर्माण पाठ्यक्रम र पाठ्यपुस्तक अनुरूप गरिन्छ । यसको निर्माण प्रयोगको उद्देश्य पाठ्यक्रमको उद्देश्य सहज ढंगले प्राप्त गर्नुका साथै पाठ्यपुस्तकका पाठहरूलाई सरल, सहज र प्रभावकारी शिक्षणका लागि सहयोग पुऱ्याउनु हो । तसर्थ पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको निर्माण पाठ्यक्रम अनुरूप गरिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तक अनुरूपताका दृष्टिले कक्षा दशको शिक्षक निर्देशिकालाई विश्लेषण गर्दा पाठ्यपुस्तकका सम्पूर्ण पाठलाई सस्वर र शुद्ध उच्चारणबाट आरम्भ गरी पाठको अन्त्यमा पाठ्यक्रमले निर्धारण गरेका र पाठ्यपुस्तकमा समावेश भएका व्याकरणको अध्ययन गर्ने गरी तयार पारेको पाइन्छ । विद्यार्थीलाई अधिक भन्दा अधिक रूपमा शिक्षण सिकाइमा सहभागी गराउन शिक्षकलाई सहयोग मिल्ने उद्देश्यले शिक्षक निर्देशिकामा विभिन्न पाठहरूमा विविध क्रियाकलाप समावेश गरिएको छ । साथै शिक्षण सिकाइबाट विद्यार्थीहरूमा सिर्जनशील, आत्मविश्वास जाग्नुका साथै भाषालाई शुद्धसँग सुन्न, बोल्न, पढ्न र लेख्न सक्ने दृष्टिकोणले निर्देशिकामा राखेको पाइन्छ । यसै गरी प्रत्येक पाठको पाठयोजनाका नमुना समावेश गरी महत्वपूर्ण सहयोगी सामग्री सावित भएको पाइन्छ ।

पाठ्यक्रममा समावेश गरिएका साधारण उद्देश्य तथा विशिष्ट उद्देश्य सहज रूपमा पुरा गर्नका लागि पाठ्यपुस्तकका विभिन्न विधाका १६ वटा पाठहरू शिक्षण गर्नका लागि निर्देशिकामा पाठ्यवस्तु, घण्टी राखेर शिक्षणलाई सहज पारिएको छ । जसमा प्रत्येक पाठमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता उद्देश्य पुरा गर्नका लागि निर्देशिकामा सस्वर तथा शुद्ध उच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, लय तथा भाव बोध, सारांश, प्रश्नोत्तर तथा व्याख्या,शब्दभण्डार, संवाद रचना तथा चिठी लेखन साथै तार्किक र बौद्धिक रूपमा उपयोगी

बनाउन वादविवाद तथा व्याकरण जस्ता पाठ्यवस्तु समावेश गरेको पाइन्छ भने यी नै पाठ्यवस्तु शिक्षणका लागि सामान्य तथा विशिष्ट उद्देश्य पाठ्यक्रमले लिएको पाइन्छ । यसरी हेर्दा पाठ्यक्रम र पाठ्यपुस्तक अनुरूप शिक्षक निर्देशिका सकारात्मक रहेको पाइन्छ । जसलाई सही तरिकाले अवलम्बन गर्दा पाठ्यक्रमका कक्षागत तथा तहगत उद्देश्य पूरा गर्नका लागि सहज हुने देखिन्छ । यसरी विविध पक्ष राम्रा हुँदाहुँदै पनि पाठ्यक्रम पाठ्यपुस्तकका आधारमा तयार गरिएको निर्देशिकामा सिर्जनात्मक अभ्यासमा मौन रहेको विधाको क्षेत्र तोके अनुसार पाठ्यपुस्तकमा समावेश गर्न नसकेको जस्ता कमी कमजोरीहरूलाई आवश्यक सुधार गर्न सकेमा उत्तम हुने देखिन्छ ।

पाठ्यक्रमले कक्षा दशको नेपाली भाषा शिक्षणका लागि पाठ्यभार प्रति हप्ता पाँच घण्टी र वार्षिक १५० घण्टी निर्धारण गरेको छ । पाठ्यक्रम अनुसार जम्मा १६ वटा पाठहरूमा सम्पूर्ण पाठहरूलाई विभिन्न सीप तथा प्रत्येकको पाठयोजना तयार गरी स्पष्ट पारिएको छ । जस अनुसार प्रश्नोत्तर कविताका लागि ११ घण्टी सात वटा पाठ योजना तथा पढाइ सीपसँग सम्बन्धित रहेको पाइन्छ । त्यसै गरी कर्तव्य कथाका लागि पाठ्यक्रमले जम्मा ९ घण्टी ५ वटा पाठयोजना तथा पढाइ सीपको आधारमा शिक्षण गर्ने बताएको छ । तेस्रो पाठ जय भोलि निबन्धका लागि जम्मा घण्टी १० तथा ७ वटा पाठयोजना निर्माण गर्नुका साथै बोलाइ तथा लेखाइ सीपसँग सम्बन्धित रहेको देखाएको पाइन्छ । जय पृथ्वीबहादुर सिंह जीवनीका लागि १० घण्टी ५ वटा पाठयोजना तथा बोलाइ र पढाइ सीपसँग सम्बन्धित रहेको पाइन्छ । त्यस्तै काम खोज्दै जाँदा मनोवादका लागि जम्मा घण्टी १०, चारवटा पाठयोजना तथा पढाइ र लेखाइ सीपसँग सम्बन्धित रहेको पाइन्छ । त्यस्तै पाठ्यक्रमका अनुसार वैशख कविताका लागि १० घण्टी, ६ वटा पाठयोजना तथा सुनाइ र पढाइ सीपसँग सम्बन्धित रहेको पाइन्छ । दोषी चस्मा कथाका लागि १० घण्टी ८ वटा पाठयोजना तथा पढाइ र लेखाइ सीपसँग सम्बन्धित रहेको पाइन्छ । मिथिला चित्रकला १० घण्टी ६ वटा पाठयोजना तथा सुनाइ सीपसँग सम्बन्धित रहेको छ । व्यापारिक चिठी जम्मा ६ घण्टी, २ वटा पाठयोजना तथा लेखाइ सीपसँग सम्बन्धित रहेको छ । इमानसिंह चेम्जोङ ८ घण्टी, ५ वटा पाठयोजना तथा पढाइ सीपसँग सम्बन्धित रहेको छ । भाग्य भन्दा परिश्रम ठूलो वादविवादका लागि १० घण्टी ६ वटा पाठयोजना तथा बोलाइ सीपसँग सम्बन्धित रहेको छ । सहिदहरूको सम्झना कवितामा ८ घण्टी ५ वटा पाठयोजना तथा पढाइ सीपसँग सम्बन्धित रहेको छ । न्यायको पक्ष १० घण्टी ५ वटा पाठयोजना तथा पढाइ र लेखाइ

सीपसँग सम्बन्धित रहेको छ । यन्त्र मानव निबन्ध ९ घण्टी ५ वटा पाठयोजना र लेखाइ सीपसँग सम्बन्धित रहेको छ । घरको माया एकाङ्की १० घण्टी ५ वटा पाठयोजना तथा पढाइ सीपसँग सम्बन्धित रहेको छ । नेल्सन मण्डेला जीवनी १० घण्टी ६ वटा पाठयोजना तथा सुनाइ सीपसँग सम्बन्धित रहेको छ । यसरी हेर्दा निर्देशिकामा छुटयाइएको कक्ष १० को पाठहरूको अवस्था तथा पाठ्यक्रममा छुयाइएको पाठ्यभार घण्टी पाठयोजना तथा सीपहरू बीच समानता रहेको पाइन्छ ।

### ४.२.३ शिक्षक प्रश्नावली मार्फत प्राप्त तथ्यको व्याख्या र विश्लेषण

शिक्षकलाई विद्यालयमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी ज्ञान छ वा छैन निर्देशिकाको निर्देशन अनुसार शिक्षण गरिन्छ वा गरिदैन निर्देशिका विद्यालयमा छ वा छैन भनी शिक्षकलाई प्रश्नपत्र तयार गरी निर्दिष्ट प्रश्नपत्रको उत्तर स्वयम् शिक्षकबाट प्राप्त गर्न सकिने गरी तयार पारिएको प्रश्नहरूको समूहलाई शिक्षक प्रश्नावली भनिन्छ ।

प्रस्तुत अध्ययन कक्षा १०मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा तनहुँ जिल्लाका माध्यमिक विद्यालयका १० वटा संस्थागत तथा १० वटा सामुदायिक विद्यालय १/१ जना शिक्षकसँग प्रश्नावली, अन्तरवार्ता मार्फत तथ्याङ्क संकलन गरिएको छ ।

यसरी प्राप्त भएको तथ्याङ्कलाई सामान्य साङ्ख्यिकीय विश्लेषण गर्ने दृष्टिले व्यवस्थित रूपमा प्रतिशतमा जनाएर तथ्याङ्कलाई वस्तुगत बनाइएको छ । उक्त तथ्याङ्कलाई धारणा सहित स्पष्ट पारिएको छ ।

#### ४.२.३.१ विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता सम्बन्धी धारणा

विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता छ छैन भनी शोधकर्ताले स्वयम् तयार पारिएको वस्तुगत प्रश्न शिक्षक स्वयम्लाई प्रश्नावलीमा भर्नाको लागि तयार पारिएको प्रश्नपत्रलाई आधार मानेर यसको धारणा प्रष्ट्याइएको छ । जुन तलको तालिकामा देखाइएको छ ।

१)  **विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता छ ?**

**तालिका नं. ९**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २० जना | १००% | - | ७०% | ३०% |

विद्यालयमा शिक्षक निर्देशिका भए नभएको प्रश्न गर्दा अधिकांश सामुदायिक विद्यालयमा निर्देशिका ढिलो नै भएपनि उपलब्ध भएको पाइयो भने केही संस्थागत विद्यालयमा निर्देशिका उपलब्ध नभएको तथ्याङ्क फेला पऱ्यो । सामुदायिक विद्यालयमा (१० जना) १०० प्रतिशत निर्देशिका उपलब्ध भएको पाइयो भन संस्थागत विद्यालयहरू मध्ये ( ३ जना) ३०% विद्यालयमा निर्देशिका उपलब्ध नभएको पाइयो ।

### ४.२.३.२ विद्यालयमा शिक्षक निर्देशिकाको निर्देशन सम्बन्धी धारणा

विद्यालयमा शिक्षकले शिक्षक निर्देशिका निर्देशन अनुसार शिक्षण गरेका छन वा छैनन भनी शिक्षकको धारणा यस अन्तर्गत समावेश गरिएको छ । जसलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

२)  **शिक्षक निर्देशिकाको निर्देशन अनुसार शिक्षण गर्नुभएको छ ?**

**तालिका नं. १०**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २० जना | १००% | - | ८०% | २०% |

यस प्रश्न शिक्षक सामु राख्दा अधिकांश शिक्षकले निर्देशिका अनुसार शिक्षण गरेको पाइयो । सामुदायिक विद्यालयमा १०० प्रतिशत शिक्षकले निर्देशिका अनुसार शिक्षण गरेको देखिन्छ भने संस्थागत विद्यालयमा ८०% शिक्षकहरूले निर्देशिका अनुसार शिक्षण गरेको पाइन्छ । बाँकी २० प्रतिशत शिक्षकले भने निर्देशिका बिना नै शिक्षण गरेको देखिन्छ ।

### ४.२.३.३ निर्देशकिामा उल्लिखित सामग्री विद्यालयमा उपलब्ध सम्बन्धी धारणा

निर्देशिकामा उल्लिखित सामग्री विद्यालयमा उपलब्ध छ छैन भनी शिक्षकको धारणा यस अन्तर्गत समावेश गरिएको छ । जसलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

**३) निर्देशिकामा उल्लिखित सामग्री विद्यालयमा उपलब्ध छ ?**

**तालिका नं. ११**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २० जना | ७०% | ३०% | ५०% | ५०% |

निर्देशिकामा उल्लेखित सामग्री विद्यालयमा उपलब्ध छ भन्ने प्रश्न सामुदायिक विदालयका (७ जना) ७०प्रतिशत शिक्षकहरू सहमत देखिन्छन् भने (३ जना) ३० प्रतिशत शिक्षक असहमत रहेको पाइयो । त्यस्तै संस्थागत विद्यालयका (५ जना) ५० प्रतिशत शिक्षकहरू सहमत भएको बताउँछन् भने ५० प्रतिशत शिक्षकहरू असहमत भएको देखिन्छन् । यसरी हेर्दा निर्देशिकामा उल्लिखित सबै सामग्री विद्यालयमा उपलब्ध नभएको देखिन्छ ।

### ४.२.३.४ निर्देशिकाको प्रयोग सम्बन्धी तालिमको धारणा

निर्देशिका प्रयोग गर्दा कसरी गर्ने, कुन तरिकाले गर्ने, कस्तो क्रियाकलाप गराउने भनी शिक्षक स्पष्ट हुन्छन् । यस धारणा अन्तर्गत शिक्षकलाई निर्देशिकाको प्रयोग गर्नका लागि तालिमको आवश्कयता छ भनी धारणा बुझ्ने प्रयास गरियो । जसलाई तालिकाबाट प्रष्ट पारिएको छ ।

**४) निर्देशिका प्रयोग सम्बन्धी तालिम लिन आवश्यक छ ?**

**तालिका नं. १२**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २० जना | ९०% | १०% | १००% | - |

माथिको प्रश्नलाई शिक्षक सामु राख्दा सामुदायिक विद्यालयका (९ जना) ९० प्रतिशत शिक्षकले तालिम लिन आवश्यकमा सहमत हुनुहुन्छ भने (१ जना) १० प्रतिशत शिक्षकले तालिम नलिए पनि निर्देशिका प्रयोग गर्न सकिने भन्ने तथ्य भेटिएको छ भने संस्थागत विद्यालयका (१० जना) १०० प्रतिशत शिक्षकले समय सुहाउँदो विषय अनुकुल निर्देशिकाका लागि तालिम अति आवश्यक रहेको बताएका छन् ।

### ४.२.३.५ शिक्षण निर्देशिका बिनाको शिक्षण सम्बन्धी धारणा

निर्देशिकाको प्रयोग बिनाको शिक्षण पनि प्रभावकारी हुन्छ ? भन्ने प्रश्न शिक्षक समक्ष प्रस्तुत गरेर यसको धारणा बुझ्ने प्रयास गरियो । जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

**५) शिक्षक निर्देशिकाको प्रयोग बिना पनि शिक्षण प्रभावकारी हुन्छ ?**

**तालिका नं. १३**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २० जना | १०% | ९०% | १०% | ९०% |

शिक्षक निर्देशिकाको प्रयोग बिना पनि शिक्षण प्रभावकारी हुन्छ भन्ने सन्दर्भमा सामुदायिक विद्यालयका (१ जना) १० प्रतिशत र संस्थागत विद्यालयका (१ जना) १० प्रतिशत शिक्षकमा हुन्छ अथवा सकारात्मक भएको पाइयो भने सामुदायिक विद्यालयका (९ जना) ९० प्रतिशत शिक्षक नहुने अथवा नकारात्मक देखियो ।

यस सन्दर्भमा शिक्षक निर्देशिकाको प्रयोग बिना शिक्षण गर्दा जति प्रभावकारी हुन्छ त्यो भन्दा शिक्षक निर्देशिकाको प्रयोगबाट गरेको शिक्षण प्रभावकारी हुने देखियो ।

### ४.२.३.६ भाषिक मूल्याङ्कका साधनहरूको (लिखित, अलिखित) उपयुक्त सुझ सम्बन्धी धारणा

भाषिक सीपहरूको मूल्याङ्कन गर्न विभिन्न साधनहरूको प्रयोग गर्नुपर्दछ । त्यसरी प्रयोग गरिएको मूल्याङ्कन प्रणाली वस्तुनिष्ठ तथा मित्तव्ययी हुन्छ । त्यसैले निर्देशिकाले त्यस्ता मूल्याङ्कनका साधनहरूको लिखित तथा अलिखित सुझ स्पष्ट पार्नुपर्छ भनी यस धारणाबाट बुझ्ने प्रयास गरियो । जसलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

६) **भाषिक मूल्याङ्कका साधनहरूको (लिखित, अलिखित) उपयुक्त सुझ निर्देशिकाले दिएको छ ?**

**तालिका नं. १४**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २० जना | ७०% | ३०% | १००% | - |

शिक्षक निर्देशिकाले भाषिक मूल्याङ्कनका साधनहरूको स्पष्ट किटानी नगरे पनि विधा अनुसारका भाषिक सीपहरू परीक्षण गर्न सकिने राय सहित सकारात्मक धारणा राख्नेहरूमा सामुदायिक विदालयका (७ जना) ७० प्रतिशत र संस्थागत विद्यालयका (१० जना) १०० प्रतिशत शिक्षकहरू भेटिए भने अहिलेको निर्देशिकाले भाषिक मूल्याङ्कनका साधनहरूको स्पष्ट किटानी नदिएको भन्नेमा सामुदायिक विद्यालयका (३ जना) ३० प्रतिशत शिक्षक रहेको पाइयो ।

### ४.२.३.७ भाषाका चारै सीपसम्बन्धी धारणा

भाषा शिक्षण भाषिक सीपसँग सम्बन्धित हुन्छ । भाषिक सीप भन्नाले भाषाका सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । यी सीपहरू एक अर्कामा अन्तर सम्बन्धित भएर रहेका हुन्छन् । यी सीपहरूलाई निर्देशिकाले उपयोगी रूपमा शिक्षण गराउन सकेको छ छैन भनी यस धारणाबाट बुझ्ने प्रयास गरियो । यसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**७) भाषाका चारै सीप शिक्षणका लागि निर्देशिका उपयोगी छ ?**

**तालिका नं. १५**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २० जना | ९०% | १०% | १००% | - |

भाषा शिक्षण भाषिक सीपसँग सम्बन्धित शिक्षण हो । ती सीपहरूको शिक्षण गर्न निर्देशिकाले सहयोग गरेको हुन्छ । यस्ता सीपहरूको शिक्षणका लागि निर्देशिका उपयोगी छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका (९ जना) ९० प्रतिशत, सहमत रहे भने संस्थागत विद्यनलयका (१० जना) १०० प्रतिशत सहमत भएको पाइयो  सामुदायिक विद्यालयका १० प्रतिशत शिक्षक असहमति भएको पाइयो ।

### ४.२.३.८ पाठ्यक्रम र पाठ्यपुस्तकको सफलता सम्बन्धी धारणा

पाठ्यक्रम र पाठ्यपुस्तक एक अर्काका परिपूरक सामग्री हुन् । पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माण त हुन्छ नै तर त्यसलाई निर्देशिकाले कस्तो रूपमा प्रस्तुत गरेको छ, पाठ्यक्रम र पाठ्यपुस्तकलाई कठिन वा सरल ढंगले प्रस्तुत गरेको छ साथै यी दुई बीचमा निर्देशिकाले सहयोग गरे नगरेको धारणा यस अन्तर्गत रहेर बुझियो । जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

**८) पाठ्यक्रम र पाठ्यपुस्तकलाई सफल बनाउन निर्देशिकाले सहयोग गरेको छ ?**

**तालिका नं. १६**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २० जना | १००% | - | १००% | - |

पाठ्यक्रम र पाठ्यपुस्तकलाई सफल बनाउन निर्देशिकाले सहयोग गरेको छ भन्ने प्रश्न शिक्षक समक्ष राख्दा सामुदायिक विद्यालयका (१० जना) १०० प्रतिशत नै शिक्षक सहमत रहेको देखियो भने संस्थागत विद्यालयका शिक्षक पनि (१० जना) १०० प्रतिशत नै

रहेको देखिन्छ । यसरी हेर्दा पाठ्यक्रम र पाठ्यपुस्तकलाई सफल बनाउन निर्देशिकाले सहयोग गरेको स्पष्टसँग देख्न सकिन्छ ।

### ४.२.३.९ निर्देशिकामा दिएका क्रियाकलाप सम्बन्धी धारणा

निर्देशिकामा भाषिक सीप सिकाउन विभिन्न क्रियाकलापहरू प्रस्तुत गरिएको छ । तर ती क्रियाकलाप विद्यार्थीका लागि पर्याप्त छ या छैनन निर्देशिकामा दिइएका क्रियाकलापले पाठ्यपुस्तकलाई समेट्न सक्छ वा सक्दैन भनी शिक्षकको धारणा बुझ्ने प्रयास गरिएको छ । जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

९) **निर्देशिकामा दिइएका क्रियाकलापहरू पर्याप्त छन् ?**

**तालिका नं. १७**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २० जना | ३०% | ७०% | ४०% | ६०% |

निर्देशिकामा दिएका क्रियाकलापहरू पर्याप्त छन भन्ने प्रश्नमा सामुदायिक विद्यालयका (३ जना) ३० प्रतिशत शिक्षकले पर्याप्त रहेको राय प्रस्तुत गरे भने (७ जना) ७० प्रतिशत शिक्षकले क्रियाकलाप अपर्याप्त रहेको राय प्रस्तुत गरे । त्यस्तै संस्थागत विद्यालयमा यस प्रश्नमा (४ जना) ४० प्रतिशत शिक्षक सहमत रहेको पाइयो भने (६ जना) ६० प्रतिशत असहमत रहेको पाइयो ।

### ४.२.३.१० निर्देशिकाको निर्देशन अनुसारका क्रियाकलाप तथा भाषिक मूल्याङ्कन सम्बन्धी धारणा

निर्देशिकाको निर्देशन अनुसार भाषासँग सम्बन्धित क्रियाकलाप तथा मूल्याङ्कनमा विद्यार्थीलाई सक्रिय रूपमा सहभागी गराउने कार्य यस अन्तर्गत रहन्छ । विद्यार्थीलाई भाषिक सीपहरू सँगसँगै क्रियाकलाप तथा मूल्याङ्कनमा पनि निर्देशिकाले बताए अनुसार शिक्षण गरे नगरेको यस धारणा अन्तर्गत रहेर स्पष्ट पारिएको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

**१०	निर्देशिकाको निर्देशन अनुसारका क्रियाकलाप तथा भाषिक मूल्याङ्कनका साधनहरूको प्रयोग गर्नुभएको छ ?**

**तालिका नं. १८**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २० जना | ७०% | ३०% | ८०% | २०% |

निर्देशिकाले दिएको निर्देशन अनुसार भाषिक क्रियाकलाप तथा मूल्याङ्कन गर्न ज्यादै झन्झटिलो साधन स्रोतको अभाव, असहज वातावरणको अभाव जस्ता कारण देखाउँदै सामुदायिक विदालयमा (७ जना) ७० प्रतिशत शिक्षक यस प्रश्नमा सहमत भएको पाइयो भने (३ जना) ३० प्रतिशत शिक्षक सहमत नभएको पाइयो । त्यस्तै संस्थागत विद्यालय तर्फ यस प्रश्नमा (८ जना) ८० प्रतिशत शिक्षक सहमत भएको पाइयो अनि (२ जना) २० प्रतिशत शिक्षक असहमत भएको पाइयो ।

**४.२.३.११ प्रभावकारी शिक्षण सिकाइ सम्बन्धी धारणा**

उद्देश्यपूर्ण तथा प्रभावकारी शिक्षण सिकाइका लागि निर्देशिका के कस्तो रहेको छ अर्थात निर्देशिका प्रयोग गर्दा शिक्षण कतिको प्रभावकारी हुन्छ भनी प्रश्न गर्दा जति मात्रामा निर्देशिका प्रयोग गर्दा शिक्षण प्रभावकारी हुन्छ, त्यति मात्रामा निर्देशिका प्रयोग नगर्दा शिक्षण प्रभावकारी नहुने राय प्रस्तुत गरेको पाइयो । जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

**११	प्रभावकारी शिक्षण सिकाइका लागि निर्देशिका आवश्यक छ ?**

**तालिका नं. १९**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २० जना | १००% | - | १००% | - |

प्रभावकारी रूपमा भाषा शिक्षणका लागि निर्देशिकाले सहयोगी भूमिका निर्वाह गर्ने कुरामा सामुदायिक विद्यालयका (१० जना) १०० प्रतिशत नै शिक्षक सहमत भएको देखियो भने संस्थागत विद्यालय शिक्षक पनि (१० जना) १०० प्रतिशत नै सहमत रहेको देखियो । यसरी हेर्दा प्रभावकारी रूपमा राज्य तथा स्थानीय निकायबाट निर्देशिका प्रयोग सम्बन्धी सचेत गराएमा तथा तालिमको व्यवस्था गरेमा यसको पूर्ण पालना गर्ने वा गराउनुपर्ने देखिन्छ । साथै निर्देशिकाले प्रभावकारी शिक्षण गराउन सक्दछ भन्ने देखिन्छ ।

**४.२.३.१२ निर्देशिका पाठ्यपुस्तक अनुरूपको धारणा**

निर्देशिका पाठ्यपुस्तक अनुसार तयार गरिनु पर्दछ । पाठ्यपुस्तक र निर्देशिकाबीच तालमेल नभएमा निर्देशिकाको महत्व रहन्न यस अन्तर्गत शिक्षकलाई पाठ्यपुस्तक अनुसार निर्देशिका तयार भए नभएको प्रश्न प्रस्तुत गरिएको छ जसलाई तलको ताकिलामा स्पष्ट पारिएको छ ।

**१२ निर्देशिका पाठ्यपुस्तक अनुरूप तयार भएको छ ?**

**तालिका नं. २०**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २० जना | १००% | - | ९०% | १०% |

निर्देशिका पाठ्यपुस्तक अनुरूप तयार भएको छ भन्ने प्रश्न सामुदायिक विद्यालयका (१० जना) १०० प्रतिशत शिक्षकहरू सहमत देखिन्छ भने संस्थागत विद्यालयमा (९ जना) ९० प्रतिशत शिक्षक निर्देशिका पाठ्यपुस्तक अनुरूप नै तयार भएको बताउँछन् भने (१ जना) १० प्रतिशत शिक्षक असहमत देखिन्छन् । यसरी हेर्दा निर्देशिकामा रहेका केही कुराहरू पाठ्यपुस्तक अनुरूप नरहेको वा सुधार गर्नुपर्ने देखिन्छ ।

### ४.२.४ कक्षा अवलोकनबाट प्राप्त तथ्यको व्याख्या र विश्लेषण

कक्षामा शिक्षक र विद्यार्थीबीच पठनपाठनका सन्दर्भमा भएका सम्पूर्ण कुराहरूको लेखाजोखा गरिने कार्यलाई कक्षा अवलोकन भनिन्छ । कक्षा १० को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकातिराको शीर्षकमा प्रत्यक्ष रूपमा कक्षा अवलोकन गरी के कस्ता शैक्षिक सामग्री प्रयोग हुन्छन् । पाठ्यक्रमका उद्देश्य प्राप्त गर्नका लागि पाठ्यपुस्तक, शिक्षक निर्देशिका अनुरूप शिक्षण गर्ने गरिएको छ छैन भन्ने सन्दर्भमा सत्यतथ्य जानकारी प्राप्त गरी व्याख्या विश्लेषण गर्ने जमर्को गरिएको छ ।

प्रस्तुत अध्ययन तनहुँ जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकका लागि तयार पारिएका प्रश्नावलीसँग सामुदायिक तथा संस्थागत गरी २० वटा कक्षा अवलोकन गरी वास्तविकता पत्ता लगाउनका लागि गरिएको हो । सैद्धान्तिक रूपमा जे जस्तो नीति रहे तापनि व्यावहारिक रूपमा शिक्षणका क्रममा शैक्षिक सामग्रीको प्रयोग हुन्छ हुँदैन, शिक्षक निर्देशिका अनुसार शिक्षण गरिन्छ गरिदैन ? सत्यतथ्य पत्ता लगाउनका लागि कक्षा अवलोकन फाराम तयार गरी लिइएको जानकारीलाई प्रतिशतमा ढाली तालिकामा राखी विश्लेषण गरिएको छ । जुन निम्न छन् :

#### ४.२.४.१ शिक्षणको क्रममा पाठको प्रारम्भ

शिक्षकले शिक्षण गर्दा पाठको प्रारम्भ कसरी गर्दछन, पूर्व पाठमा आधारित भई गर्छन वा सिधै पाठ शुरू गर्दछन्, पाठप्रति विद्यार्थीको रूचि कस्तो छ, विद्यार्थीको सहभागिता कस्तो छ, तथा शिक्षकले शिक्षण गर्दा कक्षा व्यवस्थापन कसरी गरेको छ भनी अवलोकन गरियो । जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

**तालिका नं. २१**

**शिक्षणको क्रममा पाठको प्रारम्भ**

| क्र.सं. | विषय | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| | **सामुदायिक विद्यालय** | | | | | |
| s | पूर्व पाठमा आधारित | - | २०% | ८०% | - | |
| v | पाठप्रति रूचि | - | ५०% | ५०% | - | |
| u | विद्यार्थी सहभागिता | - | ८०% | २०% | - | |
| # | कक्षा व्यवस्थापन | - | ६०% | ४०% | - | |
| | **संस्थागत विद्यालय** | | | | | |
| s | पूर्व पाठमा आधारित | - | ७०% | ३०% | - | |
| v | पाठप्रति रूचि | - | ८०% | २०% | - | |
| u | विद्यार्थी सहभागिता | - | १००% | - | - | |
| # | कक्षा व्यवस्थापन | - | ७०% | ३०% | - | |

कक्षा अवलोकनबाट सत्यतथ्य जानकारी प्राप्त गर्ने उद्देश्यले कक्षा संचालनको क्रममा पाठको प्रारम्भलाई हेर्दा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूमा भिन्न भिन्न स्वभाव पाइयो । केही शिक्षकले कक्षामा प्रवेश पगर्ने वित्तिकै नयाँ पाठ शुरू गरेको पाइयो भने केहीले पूर्व पाठमा आधारित हुँदै विद्यार्थीको ध्यानाकर्षण गरिसकेपछि र केहीले गृहकार्य परीषण गर्दै कक्षा सञ्चालन गरेको पाइयो । यस तथ्यलाई नियाल्दा पाठको प्रारम्भ भन्दा सामुदायिक विद्यालयमा विशेषण मित्तव्ययी रूपमा प्रयोग भएको देखिन्छ ।

### ४.२.४.२ शैक्षिक सामग्री प्रयोगको स्थिति

शिक्षण गर्दा शिक्षण कार्यमा शैक्षिक सामग्रीको प्रयोग गरिएको छ वा छैन ? दैनिक प्रयोगका सामग्री के कस्ता रहेका छन् ? पाठसँग सम्बन्धित शब्दपत्ति तथा वाक्यपत्तिको प्रयोग आवश्यकता अनुसार भएको छ कि छैन ? पाठसँग सम्बन्धित, तालिका, नमूनाहरू तथा स्थानीय सामग्रीको प्रयोग कसरी गरिएको छ । साथै उद्देश्य पूरा गरेका छन वा

छैनन ? भनी यस अन्तर्गत रहेर कक्षा अवलोकन गरियो । जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

**तालिका नं. २२**

**शैक्षिक सामग्री प्रयोगको स्थिति**

| क.सं. | विषय | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| | **सामुदायिक विद्यालय** | | | | | |
| s | स्पष्ट देखिने र बुझिने | - | ९०% | १०% | - | |
| v | कालो पाटी/सेतो पाटी | - | ८०% | २०% | - | |
| u | शब्दपत्ति वाक्य पत्तिको प्रयोग | - | १००% | - | - | |
| # | पाठसँग सम्बन्धित तालिका र नमूनाको प्रयोग | - | १००% | - | - | |
| a | स्थानीय सामग्रीको प्रयोग | - | १००% | - | - | |
| r | उद्देश्य प्राप्तिमा सहायक | - | ९०% | १०% | - | |
| | **संस्थागत विद्यालय** | | | | | |
| s | स्पष्ट देखिने र बुझिने | - | १००% | - | - | |
| v | कालो पाटी/सेतो पाटी | १०% | ६०% | ३०% | - | |
| u | शब्दपत्ति वाक्य पत्तिको प्रयोग | २०% | ८०% | - | - | |
| # | पाठसँग सम्बन्धित तालिका र नमूनाको प्रयोग | २०% | ८०% | - | - | |
| a | स्थानीय सामग्रीको प्रयोग | १०% | ९०% | - | - | |
| r | उद्देश्य प्राप्तिमा सहायक | - | १००% | - | - | |

शिक्षण कार्य प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि कुराको छिटो र लामो समयसम्म स्मरण रहोस् भन्नका लागि सुनेको भन्दा देखेको, देखेको भन्दा प्रयोग गरेको सामग्रीबाट सहज हुने हुँदा शैक्षिक

सामग्रीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शैक्षिक सामग्री श्रव्य, दृश्य, श्रव्यदृश्य किसिमका हुने गर्दछन् । माथिको तालिकामा हेर्दा कालो/सेतो पाटीको प्रयोग खासै धेरै नभएको देखिन्छ । स्थानीय सामग्रीको प्रयोग, शब्दपत्ति, वाक्यपत्तिको प्रयोग, पाठसँग सम्बन्धित तालिका र नमूनाको प्रयोग पनि खासै नभएको देखिन्छ । समष्टिमा यस तालिकालाई नियाल्दा सामुदायिक तथा संस्थागत दुवै विद्यालयको सामग्री प्रयोगको स्थिति मध्य स्तरको देखिन्छ ।

### ४.२.४.३ पाठ प्रस्तुतीकरणको स्थिति

शिक्षण कार्यमा पाठ प्रस्तुतीकरण कस्तो छ ? शिक्षण गरिएको पाठप्रति विद्यार्थी तथा शिक्षकमा के कस्तो ज्ञान रहेको देखिन्छ ? पाठ क्रमबद्ध रूपमा शिक्षण गरिएको छ वा कस्तो छ ? उदाहरणहरूको प्रयोग के कसरी गरिन्छ ? भनी यस अन्तर्गत रहेर कक्षा अवलोकन गरियो । जसलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका नं. २३**

**पाठ प्रस्तुतीकरणको स्थिति**

| क.सं. | विषय | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| | **सामुदायिक विद्यालय** | | | | | |
| S | विषयवस्तुको ज्ञान | - | - | १००% | - | |
| V | विषयवस्तुको पर्याप्तता | - | ३०% | ७०% | - | |
| u | पाठको क्रमबद्धता | - | २०% | ८०% | - | |
| # | उदाहरणको क्रमबद्धता | - | ४०% | ६०% | - | |
| | **संस्थागत विद्यालय** | | | | | |
| S | विषयवस्तुको ज्ञान | - | ३०% | ७०% | - | |
| V | विषयवस्तुको पर्याप्तता | - | ६०% | ४०% | - | |
| u | पाठको क्रमबद्धता | - | ७०% | ३०% | - | |
| # | उदाहरणको क्रमबद्धता | - | ८०% | २०% | - | |

शिक्षाका उद्देश्य पूरा गर्नका लागि पाठ्यपुस्तक तयार गरिएको हुन्छ । पाठ्यपुस्तक अनुसार निर्देशिका तयार गरिएको हुन्छ । तर निर्देशिका अनुसार शिक्षण गरिएको छ छैन भनी कक्षा अवलोकन गरी अध्ययन गर्दा विषयवस्तुको ज्ञान, विषयवस्तुको पर्याप्तता, पाठको क्रमबद्धता, उदाहरणको उपयुक्तता यी सबै कुरामा अधिकांश सामुदायिक विद्यालयमा राम्रो पाइयो भने संस्थागत विद्यालयमा भने मध्यम खालको देखियो ।

**४.२.४.४ कक्षा कार्यकलापको स्थिति**

शिक्षण गर्दा कक्षा कार्यकलापको स्थिति कस्तो रहेको छ ? विद्यार्थी सङ्ख्या कक्षामा कस्तो छ ? शिक्षकले विषयवस्तु अनुसार कसरी शिक्षण गर्दछ ? हाउभाउका साथ गरिएको छ वा छैन ? विद्यार्थीलाई प्रश्नोत्तर गर्दै शिक्षण गरिन्छ वा गरिदैन ? कक्षा अनुशासन कस्तो रहेको छ ? भनी यस अन्तर्गत रही प्रष्ट पारिएको छ । जसलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका नं. २४**

**कक्षा कार्यकलापको स्थिति**

| क.सं. | विषय | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| | **सामुदायिक विद्यालय** | | | | | |
| s | विद्यार्थी सङ्ख्या | - | ७०% | ३०% | - | |
| v | विषयवस्तु अनुसार हाउभाउ | - | १००% | - | - | |
| u | प्रश्नोत्तरको उपयुक्तता | - | ५०% | ५०% | - | |
| # | कक्षा अनुशासन | - | ४०% | ६०% | - | |
| | **संस्थागत विद्यालय** | | | | | |
| s | विद्यार्थी सङ्ख्या | - | ७०% | ३०% | - | |
| v | विषयवस्तु अनुसार हाउभाउ | १०% | ७०% | २०% | - | |
| u | प्रश्नोत्तरको उपयुक्तता | - | ९०% | १०% | - | |
| # | कक्षा अनुशासन | - | ७०% | ३०% | - | |

शिक्षण सिकाइको सन्दर्भमा कक्षा कार्यकलापको स्थिति महत्वपूर्ण पक्ष हो । कक्षाकार्यकलापको स्थितिमा शिक्षक विद्यार्थीको सहभागिता रहेको हुन्छ । शिक्षक विद्यार्थी

बिना शिक्षण कार्य असम्भव हुनाले यी दुईबीच तालमेल हुनुपर्ने हुन्छ । शिक्षकले कक्षामा विद्यार्थीको उपस्थिति कस्तो छ ? विद्यार्थी कसरी अनुशासनमा राख्ने, प्रश्नोत्रर कसरी गर्ने कस्ता प्रश्न कस्ता विद्यार्थीमा राख्ने जस्ता कुरामा ध्यान दिनुपर्छ । माथिको तालिकामा हेर्दा संस्थागत विद्यालयको विद्यार्थी सङ्ख्या र सामुदायिक विद्यालयको विद्यार्थी सङ्ख्या ठिकै देखिन्छ । विषयवस्तु अनुसार हाउभाउ पनि दुवै विद्यालयको सन्तोषजनक रहे पनि प्रश्नोत्तरको उपयुक्तता सामुदायिक विद्यालयमा संस्थागत विद्यालयमा भन्दा राम्रो देखिन्छच । कक्षा अनुशासनमा पनि संस्थागत र सामुदायिक विद्यालय दुवैमा ठीकै खालको देखिन्छ ।

### ४.२.४.५ शिक्षण विधिको प्रयोग

शिक्षण कर्या गर्दा विभिन्न शिक्षण विधिहरू अपनाउनु पर्दछ । शोधकर्ताले अनुसन्धानका क्रममा कुन कुन शिक्षण विधि बढी वा कम प्रयोग गरियो ? विद्यार्थीहरूमा प्रश्नोत्तर तथा छलफल विधिको प्रयोग गरियो वा गरिएन ? व्याख्यान, प्रदर्शन तथा खोज विधि कस्तो रहेको छ ? भनी यस अध्ययनमा देखाइएको छ । जसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका नं. २५**

**शिक्षण विधिको प्रयोग**

| क्र.सं. | विषय | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| | **सामुदायिक विद्यालय** | | | | | |
| s | प्रश्नोत्तर | - | ३०% | ७०% | - | |
| v | छलफल | - | ४०% | ६०% | - | |
| u | व्याख्यान | - | १०% | ९०% | - | |
| # | प्रदर्शन | - | १००% | - | - | |
| a | खोज | - | १००% | - | - | |
| | **संस्थागत विद्यालय** | | | | | |
| s | प्रश्नोत्तर | - | ८०% | २०% | - | |
| v | छलफल | - | ९०% | १०% | - | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| u | व्याख्यान | - | ९०% | १०% | - | |
| # | प्रदर्शन | - | १००% | - | - | |
| a | खोज | - | १००% | - | - | |

कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई हेर्दा शिक्षण विधिको प्रयोगको स्थितिमा सामुदायिक विदालयलाई नियाल्दा प्रश्नोत्तर, छलफल, व्याख्यान विधिमा राम्रोदेखियो भने प्रदर्शन र खोज विधिको प्रयोग मध्यम स्तरको पाइयो । त्यस्तै संस्थागत विद्यालयमा प्रश्नोत्तर, छलफल, व्याख्यान, प्रदर्शन, खोज विधिको प्रयोग सन्तोषजनक पाइयो ।

### ४.२.४.६ मूल्याङ्कन विधि

शिक्षण प्रक्रियामा मूल्याङ्कन विधि अति नै महत्वपूर्ण रूपमा रहेको हुन्छ । मूल्याङ्कन विनाको शिक्षण विनार्थक हुन्छ । मूल्याङ्कन पनि विभिन्न तौर तरिका अपनाएर गरिन्छ ? यस कक्षा अवलोकनबाट शोधकर्ताले शिक्षण कार्यमा निरन्तर मूल्याङ्कन, उद्देश्य प्राप्तिमा सहायक, कक्षाकार्य शिक्षण विधिको उपयुक्तता, प्रश्नोत्तर र गृहकार्य जस्ता मूल्याङ्कनसँग सम्बन्धित विधिहरूको स्पष्ट रूपमा अवलोकन गरी कक्षा अवलोकन गरिसयो । जसलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका नं. २६**

**मूल्याङ्कन विधि**

| क्र.सं. | विषय | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| | **सामुदायिक विद्यालय** | | | | | |
| s | निरन्तर मूल्याङ्कन | - | ८०% | २०% | - | |
| v | उद्देश्य प्राप्तिमा सहायक | - | १००% | - | - | |
| u | कक्षा कार्य | - | ९०% | १०% | - | |
| # | शिक्षण विधिको उपयुक्तता | - | ७०% | ३०% | - | |
| a | प्रश्नोत्तर | - | ७०% | ३०% | - | |
| r | गृहकार्य | - | १००% | - | - | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **संस्थागत विद्यालय** | | | | | |
| s | निरन्तर मूल्याङ्कन | - | ६०% | ४०% | - | |
| v | उद्देश्य प्राप्तिमा सहायक | - | १००% | - | - | |
| u | कक्षा कार्य | - | १००% | - | - | |
| # | शिक्षण विधिको उपयुक्तता | - | ८०% | २०% | - | |
| a | प्रश्नोत्तर | - | ८०% | २०% | - | |
| r | गृहकार्य | - | १००% | - | | |

शिक्षण क्रियाकलापपछि विद्यार्थीहरूमा के कस्ता उपलब्धि प्राप्त भयो पत्ता लगाउने मुख्य कडी मूल्याङ्कन हो । विद्यार्थीमा के कस्ता पक्षमा सुधार भयो ? निर्क्योल गरेर आवश्यक पक्षमा सुधार गर्नुपर्ने हुन्छ । अन्यथा शिक्षण कार्यको कुनै अर्थ हुँदैन ।

माथिको तालिकामा प्राप्त तथ्यलाई हेर्दा निरन्तर मूल्याङ्कन, प्रश्नोत्तर, गृहकार्य, उद्देश्य प्राप्तिमा सहायक, शिक्षण विधिको उपयुक्तता उत्तम नै रहेको पाइन्छ । तर पनि शिक्षण कार्यको अति जटिल पाटो मूल्याङ्कन भएकाले यस पक्षलाई अझै सुधार र परिष्कार गर्दै आधुनिक शिक्षण विधि कक्षाकार्य निरन्तर तथा आन्तरिक मूल्याङ्कन जस्ता पक्षमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

### ४.२.५ शिक्षक निर्देशिकाको प्रभावकारिता

निर्देशिकाको प्रयोग शिक्षक विद्यार्थी बीच अन्तरक्रिया बढी भन्दा बढी गर्न सकिने, निर्देशिका बिनाको शिक्षण र निर्देशिका प्रयोग गरेर गरेको शिक्षणमा शिक्षण सिकाइमा प्रत्यक्ष रूपमा अन्तर देखिनु पाइयो । निर्देशिका प्रयोग गर्नाले पाठलाई निर्देशिकाको निर्देशन अनुसार चक्रिय प्रणाली अनुसार शिक्षण गर्नुपर्ने हुँदा विद्यार्थीलाई पाठप्रति रूची बढ्ने शिक्षण सरलबाट जटिलतिर बहने हुँदा विद्यार्थीलाई शिक्षण गराउँदा शिक्षक र विद्यार्थीलाई सजिलो हुने तथा निर्देशिकाको निर्देशन अनुसार शिक्षण गर्नाले शिक्षकलाई पाठ्यपुस्तक बिना पनि शिक्षण गर्न सजिलो हुने देखिन्छ । शिक्षक निर्देशिकाको प्रभावकारितालाई बुँदागत रूपमा उल्लेख गर्दा :

- हरेक पाठहरूको पाठ्यवस्तु पाठ्यघण्टी तोकिएकाले शिक्षकलाई कुन विषयवस्तु कति समयमा सक्ने भन्ने अन्योलता नपर्ने हुँदा यो प्रभावकारी छ ।
- तालिम अप्राप्त नवप्रवेशी शिक्षकहरू शिक्षणका क्रममा अल्मलिनु नपर्ने हुँदा प्रभावकारी हुने ।
- शिक्षकलाई वार्षिक पाठयोजना, एकाइ योजना एवम् दैनिक पाठयोजना निर्माणमा सहज हुने भएकाले प्रभावकारी हुने ।
- उद्देश्य निर्धारण र विधागत विभाजनले शिक्षण कार्य उद्देश्यमूलक हुने हुँदा प्रभावकारी हुने ।
- पाठ्यपुस्तकको अभावमा पनि काम चलाउन सकिने ।
- व्याकरण शिक्षणलाई निगमनात्मक ढंगले शिक्षण नगरी आगमनात्मक ढंगले शिक्षण गर्न मद्दत गर्ने हुँदा प्रभावकारी हुने ।
- भाषिक सीप शिक्षणमा मद्दत गर्ने ।
- शिक्षण कार्यलाई सरल, सहज एवम् व्यवस्थित ढंगले अघि बढाउन महत्वपूर्ण भूमिका खेल्ने ।
- कक्षागत उद्देश्य पूरा गर्न सहयोगी हुने ।
- पाठ्यक्रम र पाठ्यपुस्तकको उद्देश्य सहज तरिकाले पूरा गर्ने ।
- विद्यार्थीलाई क्रियाकलाप केन्द्रित बनाई अध्ययन अध्यापन गर्न निर्देशिकाले विविध क्रियाकलाप समावेश गरेकोले यो प्रभावकारी हुने ।
- शिक्षण विधिमा परम्परागत, घोकन्ते, व्याख्यान विधिलाई भन्दा भन्दा आधुनिक, छलफल, प्रश्नोत्तर, खोज, प्रदर्शन र अभ्यासात्मक पक्षमा जोड दिएको हुँदा यो प्रभावकारी हुने ।
- निर्देशिकामा बुँदाटिपोट, कथा लेखनको नमुना दिई शिक्षकका लागि मार्गदर्शक बनेको ।
- पाठको स्वरूप र प्रकृति अनुसार शिक्षण विधिको चयन र प्रयोग गर्न शिक्षकलाई सहयोग पुऱ्याउने हुँदा यो प्रभावकारी हुने ।

) निर्देशिकाले शिक्षण कार्यको बीचमा र अन्त्यमा गरिने मूल्याङ्कन कार्यलाई सहयोग पुऱ्याउने हुँदा प्रभावकारी हुने ।

## ४.३ कक्षा १० मा नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिका अनुसार (भए नभएको) गरिएको वा नगरिएको

समय परिवर्तनशील छ । परिवर्तनशील समयसँगै व्यक्ति, समाज र आवश्यकता पनि परिवर्तनशील भइरहन्छन् । परिवर्तनशील समयको माग अनुसार पाठ्यक्रम र पाठ्यपुस्तकलाई परिवर्तन हुन्छ । परिवर्तित पाठ्यक्रम र पाठ्यपुस्तकसँग शिक्षकलाई परिचित गराउन शिक्षक तालिमको आवश्यकता पर्दछ तर हाम्रो जस्तो भौगोलिक रूपमा विकट र गरिब देशमा शिक्षक तालिमको व्यवस्था आवश्यक मात्रामा भएको पाइदैन भने पठनपाठनको सामग्री पनि केवल पाठ्यपुस्तक मात्र पाइन्छ । भाषा पाठ्यक्रममा भाषिक सीमा दक्षता प्रदान गर्ने उद्देश्यले विविध विधा र क्षेत्रलाई समेटिएको हुन्छ र सोही अनुरूप पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ । तर परम्परादेखि शिक्षण गर्दै आएका तालिम अप्रान्त शिक्षकहरूले नेपाली भाषालाई विषयवस्तु र साहित्य शिक्षणलाई बढावा दिई शिक्षण गरेको पाइन्छ । दैनिक पाठयोजना निर्माण समेत गर्न नजानेका परम्परादेखि शिक्षण गरेका संस्कृति शिक्षक र मानविकी पृष्ठभूमि भएका शिक्षकहरूलाई दैनिक पाठयोजना निर्माण गर्न मात्र नभई एकाइ र वार्षिक योजना निर्माण गर्नको लागि पनि शिक्षक निर्देशकिाले सहयोग गर्दछ ।

शिक्षक निर्देशिकाले भाषालाई साधन र साध्य दुवै मानी नेपाली भाषा पाठ्यक्रमको लक्ष्य अनुरूप बोध र अभिव्यक्ति क्षमतालाई भाषिक सीपको माध्यमबाट अगाडि बढाउन प्रत्येक पाठको पाठ्यवस्तु र अनुमानित घण्टी समेत निर्धारण गरिएको छ । प्रत्येक पाठको अध्यापन कार्य सस्वर वाचन र शुद्धोच्चारण आरम्भ गरी पाठको अन्त्यमा पाठ्यक्रमले निर्धारण गरेका र पाठ्यपुस्तकमा समावेश भएका व्याकरणको अध्यापन गर्ने गरी निर्देशिका तयार भएको देखिन्छ । विद्यार्थीलाई अधिक भन्दा अधिक रूपमा शिक्षण सिकाइमा सहभागी गराउन विभिन्न पाठहरूमा विविध क्रियाकलापहरूलाई समावेश गरिएको देखिन्छ । निर्देशिकामा शिक्षकलाई सहयोग पुग्ने गरी पाठ्यवस्तु र पाठ्यपुस्तकमा दिइएका विषयवस्तुको अध्यापन गराउँदा प्रभावकारी सिकाइका लागि अपनाउनु पर्ने विधि र तरिकाहरू स्पष्ट पार्न खोजिएको छ । भाषाको चारवटै सीपहरूलाई विद्यार्थी केन्द्रित

क्रियाकलापमुखी तथा नवीन विधिका नमुनाहरू मार्फत शिक्षण गराउन समेत निर्देशिकाले मार्गदर्शन गरेको छ । शिक्षक निर्देशिकाको निर्माण पाठ्यक्रमलाई केन्द्रमा राखी पाठ्यपुस्तक अनुरूप गरिने भएकाले निर्देशिका अनुरूप शिक्षण गर्नाले पाठ्यक्रमका उद्देश्य सहज पुरा हुनाका साथै शैक्षिक प्रक्रियामा गुणात्मकता र प्रभावकारिता आउँछ । शिक्षक निर्देशिकाले व्याकरण शिक्षणलाई छुट्टै नराखी विषयवस्तुसँगै एकीकृत रूपले अगाडि बढाउन सहयोग गर्दछ । साथै पाठ्यपुस्तकको प्रयोगलाई सहज र व्यावहारिक बनाउन शिक्षक निर्देशिकाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

कक्षा १०मा नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिका अनुसार भए नभएको पत्ता लगाउन प्रश्नावलीको प्रयोग गरेर, शिक्षकहरू मार्फत तथ्याङ्क संकलन गर्दा सामुदायिक विद्यालयका १००% विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध भएको पाइयो भने संस्थागत विद्यालयमा ७०% विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्ध भएको पाइयो । पूर्ण विद्यालयमा निर्देशिका उपलब्ध नभएको पाइयो । शिक्षक निर्देशिकाको निर्देशन अनुसार शिक्षण भए न भएको भन्ने प्रश्नमा सामुदायिक विद्यालयका १००% शिक्षकहरूले निर्देशिकाको निर्देशन अनुसार शिक्षण गरेको पाइयो भने संस्थागत विद्यालयका ८०% शिक्षकहरूले मात्र शिक्षण नगरेको पाइयो । सोही अनुसार शिक्षण गरेको पाइयो । बाँकी २० विद्यालयको नि. उठाएर सामुदायिक विदालयका ७० प्रतिशत शिक्षकहरूले निर्देशिकामा उल्लेखित सामग्री विद्यालयमा उपलब्ध भएका कुरामा सहमत भएको पाइया ेभने ३०% शिक्षकहरू निर्देशिकामा उल्लेखित सामग्री विद्यालयमा उपलब्ध नभएको कुरा तथ्याङ्कबाट जानकारी पाइयो । संस्थागत विद्यालयका ५० प्रतिशत शिक्षकहरूले मात्र निर्देशिकामा उल्लेखित सामग्री विद्यालयमा उपलब्ध भएको कुरामा सहमत भएको पाइयो भने बाँकी ५० प्रतिशत विदालयका शिक्षकहरू निर्देशिकामा उल्लेखित सामग्री विद्यालयमा उपलब्ध नभएको कुरामा सहमत भएको पाइयो । सामुदायिक विद्यालयका ९०% शिक्षकहरू निर्देशिका प्रयोगसम्बन्धी तालिम लिन आवश्यक भएको कुरामा सहमत भएको पाइयो भने १०% शिक्षकहरूले निर्देशिका, प्रयोगसम्बन्धी तालिम लिन नपर्ने कुरामा सहमत भएको पाइयो । संस्थागत विद्यालयका १००% शिक्षकहरू निर्देशिका प्रयोगसम्बन्धी तालिम लिन आवश्यक भएको कुरामा सहमत भएको पाइयो ।

सामुदायिक विद्यालयका १०% शिक्षकहरू मात्र शिक्षक निर्देशिकाको प्रयोग बिना पनि शिक्षण प्रभावकारी हुने कुरामा सहमत भएको पाइयो भने बाँकी ९०% शिक्षकहरू

शिक्षक निर्देशिकाको प्रयोग बिना शिक्षण प्रभावकारी नहुने कुरा तथ्यबाट जानकारी पाइयो । संस्थागत विद्यालयका शिक्षकहरू मध्ये १०% शिक्षकहरूले निर्देशिकाको प्रयोग बिना पनि शिक्षण प्रभावकारी हुन्छ भन्ने कुरा बताए भने ९०% शिक्षकहरू निर्देशिकाको प्रयोग बिना शिक्षण प्रभावकारी हुदैन भन्ने कुरामा सहमत भएको पाइयो । सामुदायिक विद्यालयका ७०% शिक्षकहरू भाषिक मूल्याङ्कनका साधनहरूको उपयुक्त सुझ निर्देशिकाले दिएकोमा सहमत भएको पाइयो भने ३०% शिक्षकहरूले उपयुक्त सुझ निर्देशिकाले नदिएको कुरामा सहमत भएको पाइयो । त्यस्तै संस्थागत विद्यालयका १००% शिक्षकहरू भाषिक मूल्याङ्कनका साधनहरूको उपयुक्त सुझ निर्देशिकाले दिएको कुरा भेटियो । भाषाका चौर सीप शिक्षणका लागि निर्देशिका उपयोगी छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका ९०% सहमत रहेको पाइयो संस्थागत विदालयका १००% सहमत भएको पाइयो । सामुदायिक विद्यालयका १०% शिक्षक असहमत भएको पाइयो । पाठ्यक्रम र पाठ्यपुस्तकलाई सफल बनाउन निर्देशिकाले सहयोग गरेको छ भन्ने प्रश्न शिक्षक समक्ष राख्दा सामुदायिक विद्यालयका १००% नै सहमत रहेको देखियो भने संस्थागत विद्यालयका शिक्षक पनि १००% नै सहमत रहेको देखियो । निर्देशिकामा दिएका क्रियाकलापहरू पर्याप्त छन भन्ने प्रश्नमा सामुदायिक विद्यालयका ३०% शिक्षक पर्याप्त रहेको राय प्रस्तुत गरे भने ७०% शिक्षकले क्रियाकलाप अपर्याप्त रहेको राय प्रस्तुत गरे त्यस्तै संस्थागत विद्यालयका ४०% शिक्षक सहमत रहेको पाइयो भने ६०% असहमत रहेको पाइयो ।

निर्देशिकाले दिएको निर्देशन अनुसार भाषिक क्रियाकलाप तथा मूल्याङ्कननका साधनहरूको प्रयोग गर्नु भएको छ भन्ने प्रश्नमा गर्न झन्झटिलो साधन स्रोतको अभाव असहज वातावरणको अभाव जस्ता कारण देखाउँदै सामुदायिक विद्यालयका ८०% तथा संस्थागत विद्यालयका ८०% क्षिकहरू यस प्रश्नमा सहमत भएको पाइयो भने सामुदायिक विद्यालयका २०% र संस्थागत विद्यालयका २०% शिक्षक असहमत भएको पाइयो । प्रभावकारी रूपमा भाषा शिक्षणका लागि निर्देशिकाले सहयार्गी भूमिका निर्वाह गर्ने कुरामा सामुदायिक विद्यालयका १००% नै शिक्षक सहमत रहेको देखियो भने संस्थागत विद्यालयका शिक्षक पनि १००% नै सहमत रहेको देखिन्छ । यसरी हेर्दा पभावकारी रूपमा राज्य तथा स्थानीय निकायबाट निर्देशिका प्रयोग सम्बन्धी सचेत गराएमा निर्देशिकाले प्रभावकारी शिक्षण गराउन सक्दछ भन्ने देखिन्छ ।

निर्देशिका पाठ्यपुस्तक अनुरूप तयार भएको छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका १००% शिक्षक सहमत देखिन्छन् भने संस्थागत विद्यालयका ९०% शिक्षक निर्देशिका पाठ्यपुस्तक अनुरूप नै तयार भएको बताउँछन् भने १०% शिक्षक असहमत देखिन्छन । यसरी हेर्दा निर्देशिकामा रहेको कुराहरू पाठ्यपुस्तक अनुरूप नरहेको वा सुधार गर्नुपर्ने देखिन्छ ।

समग्रमा भन्नुपर्दा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन सम्बन्धी शिक्षकहरूमा राखिएको प्रश्नावलीमार्फत प्राप्त उत्तरहरूलाई हेर्दा सामुदायिक विद्यालयहरूमा शिक्षक निर्देशिकाको प्रयोग गरेको पाइयो भने संस्थागत विद्यालयमा भने कतिपय विद्यालयहरूमा अझ पनि निर्देशिकाको प्रयोग बिना नै (अन्धाधुन्दा तरिकाले) शिक्षण भएको पाइयो ।

शिक्षा मन्त्रालयले पाठ्यक्रम विकास केन्द्रले निर्देशिकालाई प्रभावकारी तुल्याउनका लागि निर्देशिका समयमै उपलब्ध हुने गरी वितरण गर्नु पर्ने तथा कार्यशाला गोष्ठी गरी शिक्षक विषयविज्ञहरूसँग राय सुझाव सङ्कलन गरी समयसापेक्ष परिमार्जन र संशोधन हुन सके र ग्रामीण स्तरमा एउटा स्रोतकेन्द्रमार्फत निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी तालिम, गोष्ठी, छलफल, अन्तरक्रिया आदि कार्यहरू गर्न सके यसको महत्त्व र प्रयोग अझ बढ्न सक्ने कुरा निश्चित छ ।

# अध्याय : पाँच

# सारांश, निष्कर्ष तथा उपयोगिता

## ५.१ सारांश

अनुसन्धान कार्य एक औपचारिक र व्यवस्थित अध्ययन कार्य हो । अनुसन्धानलाई जटिल कार्यको रूपमा पनि लिइन्छ । अनुसन्धानलाई उद्देश्यसम्म पुऱ्याउनको लागि विभिन्न विधि वा पद्धतिको आवश्यकता पर्दछ । अनुसन्धान ज्ञान आर्जनको एक महत्वपूर्ण प्रक्रिया हो । उद्देश्यसम्म पुग्नको लागि गरिने अध्ययन व्यवस्थित हुनुपर्दछ । कक्षा १०मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन शीर्षकको शोधपत्रमा पाँच वटा अध्यायमा विभाजन गरिएको छ ।

अध्याय एकमा विषय प्रवेश, समस्या कथन, शोधको उद्देश्य, शोधको औचित्य र महत्व, शोधको सीमा, प्रयुक्त विशेष शब्दको परिभाषा र शोधपत्रको रूपरेखा शीर्षक उल्लेख गरिएको छ । यस शोधकार्यको उद्देश्य भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको सम्बन्ध पहिचान गर्ने, कक्षा १० मा नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिका अनुसार भए नभएको पत्ता लगाउने कक्षा १० को निर्देशिकाको प्रयोग र प्रभावकारिताको शोधपत्र कुनै व्यक्तिबाट पनि नभएकाले यस अध्ययन औचित्यपूर्ण भएको प्रष्ट पारिएको छ । शोधकार्य सुरूवातदेखि अन्त्यसम्मको अध्याय कसरी गर्ने भन्ने बारेमा रूपरेखाको पनि उल्लेख गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा, समीक्षात्मक अध्ययनको उपयोग र सैद्धान्तिक अवधारणा सम्बन्धी उल्लेख गरिएको छ । जसमा शिक्षक निर्देशिका सम्बन्धी विभिन्न व्यक्तिले गरेका शोधकार्यको समीक्षा र समीक्षात्मक अध्ययनबाट के उपयोग गरियो अनि यसको सैद्धान्तिक अवधारणाको बारेमा प्रष्ट पारिएको छ ।

अध्याय तीनमा अध्ययनको ढाँचा, जनसङ्ख्या नमुना छनोट र छनोट पक्रिया, तथ्याङ्क वा सूचना सङ्कलनका पक्रिया, व्याख्या तथा विश्लेषण प्रक्रिया शीर्षकमा रहेर तयार गरिएको छ । यस अध्ययन कुन ढाँचामा केन्द्रित छ र तथ्याङ्क वा सूचना सङ्कलनका लागि उपयुक्त उपकरण वा प्रक्रियाका बारेमा व्याख्या गरिएको छ । व्याख्या र विश्लेषण प्रक्रियामा शिक्षकहरूलाई प्रत्यक्ष भेटघाट, छलफल, प्रश्नावली, कक्षा अवलोकन गरी गुणात्मक र परिमाणात्मक रुपमा गरिएको छ ।

अध्याय चारमा व्याख्या र विश्लेषण शीर्षक रहेको छ । जसमा भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तर सम्बन्ध अन्तर्गत भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तक, पाठ्क्रम र शिक्षक निर्देशिका, भाषा पाठ्यपुस्तक र शिक्षक निर्देशिका उपशीर्षकहरु रहेको छ । अर्को उपशीर्षकमा कक्षा १० मा नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन, शिक्षक निर्देशिकाको प्रभावकारिता रहेको छ । त्यस्तै अर्को उपशीर्षकमा कक्षा १० मा नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिका अनुसार गरिएको वा नगरिको रहेको छ ।

अध्याय पाँचमा यिनै माथि उल्लेख गरिएका सारांश, निष्कर्ष र उपयोगलाई उल्लेख गरिएको छ । उपयोगमा नीतिगत तह र प्रयोगात्मक तहका साथै भावी शीर्षकको उल्लेख गरियो । शोधपत्र तयार गरिएको छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्र कक्षा १०मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता शीर्षकको पहिलो उद्देश्य भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको सम्बन्ध पपहिचान गर्नु रहेको छ । पाठ्यक्रमलाई आधार मानेर पाठ्यपुस्तक र पाठ्यपुस्तकलाई आधार मानेर शिक्षक निर्देशिका तयार गरिएको हुँदा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका तयार गरिएको हुँदा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीच अन्यौन्याश्रित सम्बन्ध रहेको देखिन्छ ।

प्रस्तुत अध्ययनको दोस्रो उद्देश्य कक्षा १० मा नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिका अनुसार भए नभएको पत्ता लगाउनु रहेको छ । यो उद्देश्यबाट यो निष्कर्ष प्राप्त भएको छ कि सामुदायिक विद्यालयका अधिकांश शिक्षकहरुले शिक्षक निर्देशिका अनुसार शिक्षण गरेको र संस्थागत विद्यालयमा २० प्रतिशत शिक्षकहरुले निर्देशिका अनुसार शिक्षण नगरेको पाइयो ।

प्रस्तुत अध्यायको तेस्रो उद्देश्यमा कक्षा १० मा नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन गर्नु रहेको छ । यो उद्देश्यबाट यो निष्कर्ष प्राप्त भएको छ कि सामुदायिक विद्यालयहरुमा शिक्षक निर्देशिकाको प्रयोग गरेको पाइयो भने संस्थागत विद्यालयमा भने कतिपय विद्यालयहरुमा अझ पनि निर्देशिकाको प्रयोग बिना नै हचुवाको भरमा शिक्षण भएको पाइयो ।

## ५.३ उपयोग

शिक्षक निर्देशिका जुनसुकै ठाउँमा उपयोगी नभई शिक्षण क्षेत्रमा मात्र उपयोगी हुने भएकाले शिक्षकको सहयोगी सामग्री हो । निर्देशिकाले शिक्षण सिकाइलाई सरल, सहज र प्रभावकारी बनाउने भएकाले पाठयोजना निर्माण गर्नुमा बढी उपयोगी देखिन्छ । साथै कुनै पाठसँग सम्बन्धित भएर उद्देश्य, शैक्षिक सामग्री, शिक्षण क्रियाकलाप, शिक्षण विधि जस्ता पक्षहरु चयन गर्न पनि उपयोगी हुने देखिन्छ । विद्यार्थीको बौद्धिक क्षमता परीक्षण गर्नका लागि प्रश्नपत्र निर्माण गर्नका लागि यसको प्रयोग गरिन्छ । यसले परम्परागत पाठ्यक्रम अनुसार शिक्षण गर्दै आएका शिक्षकहरुलाई नयाँ पाठ्यपुस्तकहरु कसरी उपयोगमा ल्याउने भन्ने बारेमा निर्देशित गरेको हुन्छ । अतः निर्देशिकाको उपयोगितालाई निम्नानुसार बुँदागत रुपमा उल्लेख गरिएको छ ।

१) पाठयोजना, एकाइ योजना, वार्षिक पाठयोजना निर्माण गर्न उपयोगी हुन्छ ।

२) शिक्षण सामग्री निर्माण र प्रयोगमा सरलता ल्याउँछ ।

३) कक्षामा रहेका विभिन्न भाषिक क्षमता, भाषिक पृष्ठभूमि तथा पहिलो र दोस्रो भाषी विद्यार्थीमा शिक्षण गर्न निर्देशिका उपयोगी हुन्छ ।

४) शिक्षणमा शिक्षकलाई सचेत र पूर्वतयारी गर्न उपयोगी हुन्छ ।

५) शिक्षणका रुपमा कठिन पाठहरुलाई सरल रुपमा प्रस्तुत गर्न उपयोगी हुन्छ ।

६) शिक्षकलाई आफ्नो पेशाप्रति दक्षता बढाई योग्य र अनुभवी बनाउन उपयोगी हुन्छ ।

७) विद्यार्थीमा ज्ञान, सीप र धारणाको व्यावहारिक विकास र उपयोगी हुन्छ ।

८) विद्यार्थीहरुलाई शिक्षण सिकाइ क्रियाकलापमा सक्रियतापूर्वक सहभागिता गराउन उपयोगी हुन्छ ।

### ५.३.१ नीति निर्माण स्तरमा (नीतिगत तह)

अनुसन्धानलाई नीति निर्माण स्तरमा प्रयोग गर्नुपर्दछ । अगाडि भएका अनुसन्धानका सबल र दुर्बल पक्षलाई छुट्याइ सबल पक्षहरुलाई सबै क्षेत्रमा प्रयोग स्तरमा ल्याउन सकेमा भावी अनुसन्धानलाई सरल र सहज बन्दछन् । अनुसन्धानको प्रयोग नीति निर्माण स्तरमा पनि उच्च रहेको पाइन्छ । नीति निर्माण स्तरमा अनुसन्धानको प्रयोगले भविष्यमा हुने अनुसन्धानलाई प्रयोग स्तरसम्म पुऱ्याउने काम गर्दछ ।

अनुसन्धान एक अनुसन्धानमा मात्र केन्द्रित नभई व्यावहारिक बनाउन त्यसको गहिराइमा पुग्न आवश्यक छ । बाहिरी रुपमा गरिएका अनुसन्धान तथा नक्कल गरिएका अनुसन्धानलाई चुनौती दिँदै अनुसन्धानको चुरो पत्ता लगाएमा उक्त अनुसन्धानले भविष्यमा हुने अनुसन्धानलाई ठूलो प्रेरणा दिने गर्दछ । नीति निर्माण स्तरमा पनि उक्त अनुसन्धानको महत्व ठूलो रहेको पाइन्छ । बिना खोज बिना अध्ययन कुनै पनि कार्य सफल हुँदैन । उक्त कार्यलाई सफल बनाउनको निम्ति विभिन्न किसिमको योजनाहरु बनाएर कार्य गर्नुपर्दछ । नीति नियम स्तरमा अनुसन्धानले ठूलो मद्दत गर्दछ । सरकारले नीतिगत तहमा माध्यमिक विद्यालयका समय मै निर्देशिका उपलब्ध गराउनु पर्दछ । कक्षा १०मा निर्देशिका अनुसार शिक्षण भए नभएको अनुगमन र अनुसन्धान पनि गर्नुपर्ने देखिन्छ । कतिपय विद्यालयमा निर्देशिका उपलब्ध भए पनि त्यसको प्रयोग कसरी गर्ने भन्ने ज्ञान नभएर पनि सो प्रयोग नगरेको पनि पाइन्छ । त्यसका लागि सरकारले निर्देशिका प्रयोग सम्बन्धी तालिम पनि दिनुपर्ने देखिन्छ ।

### ५.३.२ कार्यान्वयन तह

कुनै पनि नीति एवम् कार्यक्रम प्रभावकारी बनाउनका लागि कार्यान्वयन तहको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितामा देखिएका समस्याहरुलाई समाधान गरी प्रभावकारी योजना मुताविक कार्यान्वयनको क्षेत्रमा सशक्त भई लाग्नुपर्छ । नेपाल सरकारले पनि निर्देशिका अनुरुप शिक्षण भए नभएको, विद्यालयमा पठनपाठन कसरी भइरहेको छ त्यसमा अनुगमन गर्नुपर्ने देखिन्छ । हरेक तहमा हरेक विषयको निर्देशिका समयमै उपलब्ध हुन पनि आवश्यक छ । पाठ्यपुस्तक फेरिए पनि निर्देशिका पनि पाठ्यपुस्तक सँगै विद्यालयमा उपलब्ध हुनुपर्दछ । पाठ्यपुस्तक फेरिएको ६ महिनासम्म पनि विद्यालयमा निर्देशिका पुग्दैन । अनि शिक्षकहरुले अन्योलतामा नै कोर्ष अगाडि बढाइ रहेको हुन्छन् । यस्तो अवस्थामा अर्थपूर्ण र प्रभावकारी शिक्षण हुन सक्दैन ।

### ५.३.३ भावी अनुसन्धानका लागि शीर्षक

१) पाठ्यक्रम र पाठ्यपुस्तक अनुरुपताको दृष्टिले शिक्षक निर्देशिकाको अध्ययन ।

२) निजी र सरकारी विद्यालयहरुमा निर्देशिका प्रयोगको वर्तमान स्थिति सम्बन्धी अध्ययन ।

३)	वर्तमान अवस्थामा शिक्षण विधि चयन र प्रयोगमा निर्देशिकाको भूमिका ।

४)	पाठ्यक्रम, पाठ्यपुस्तक र निर्देशिकाबीचको अन्तरसम्बन्ध सम्बन्धी अध्ययन ।

५)	पाठयोजना निर्माणमा निर्देशिकाको महत्व सम्बन्धी अध्ययन ।

६)	निर्देशिकामा उल्लेखित शैक्षिक सामग्री प्रयोगको वर्तमान स्थिति ।

# सन्दर्भ सूची


अधिकारी, केशवती (२०६४), **निम्न माध्यमिक तह कक्षा आठको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन**, स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

अधिकारी, विष्णु प्रसाद (२०७३), **माध्यमिक शिक्षक दिग्दर्शन,** काठमाडौंः आशिष बुक हाउस प्रा.लि. बागबजार ।

आचार्य, रामजी (२०६३), **माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन**, स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

कार्की, बाबुकाजी र अन्य (२०७०), **सोपान,** भक्तपुरः पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

कार्की, सीता (२०६४), **निम्न माध्यमिक तह कक्षा छ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खत्री, यज्ञबहादुर (२०६२), **दोलखा जिल्लामा कक्षा आठमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

गौतम, रमन कुमार (२०६४), **निम्न माध्यमिक तह कक्षा पाँचमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

नेपाल, रोमराज (२०६६), **उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६८), **शिक्षा** (कक्षा १०), सानोठिमी, भक्तपुर ।

भट्टराई, कल्पना (२०६९), **उदयपुर जिल्लाका निम्न माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, पवित्रा (२०६९), **प्राथमिक तह कक्षा दुईको नेपाली भाषा शिक्षणका लागि तयार गरिएको शिक्षक निर्देशिकाको प्रयोग स्थितिको अध्ययन**, स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

भुषाल, निमानन्द (२०५९), **अर्घाखाँची जिल्लामा मा.वि. तह नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगको वर्तमान स्थिति**, स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

मैनाली, रोम प्रसाद (२०६६), **प्राथमिक तह कक्षा तिनको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

श्रेष्ठ, लक्ष्मीमाया (२०६४), **गोरखा जिल्लाका प्रा.वि. तहमा नेपाली शिक्षणमा शैक्षिक सामग्रीको उपयोगको एक अध्ययन**, स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

# परिशिष्ट : एक

## कक्षा अवलोकन फाराम

विद्यालयको नामः कक्षा :

शिक्षकको नाम : विषय :

शैक्षिक योग्यता : एकाइ :

तालिम प्राप्त/अप्राप्त :

पाठ्यवस्तु :

तलका प्रश्नहरुको कक्षा १० को शिक्षक निर्देशिका प्रयोगको अध्ययन गर्ने क्रममा कक्षा अवलोकनका लागि शोध प्रयोगका निमित्त प्रयोग गरिएको हो ।

| क.सं. | विषय | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पाठको प्रारम्भ | | | | | |
| | क) पूर्व पाठमा आधारित | | | | | |
| | ख) पाठप्रति रुचि | | | | | |
| | ग) विद्यार्थी सहभागिता | | | | | |
| | घ) कक्षा व्यवस्थापन | | | | | |
| २ | शैक्षिक सामग्रीको प्रयोगको स्थिति | | | | | |
| | क) स्पष्ट देखिने र बुझिने | | | | | |
| | ख) कालो, सेतो पाटी | | | | | |
| | ग) शब्दपत्ती, वाक्यपत्तीको प्रयोग | | | | | |
| | घ) पाठसँग सम्बन्धित तालिका र नमुनाको प्रयोग | | | | | |
| | ङ) स्थानीय सामग्रीको प्रयोग | | | | | |
| | च) उद्देश्य प्राप्तिमा सहायक | | | | | |
| ३ | पाठ प्रस्तुतीकरणको स्थिति | | | | | |
| | क) विषयवस्तुको ज्ञान | | | | | |
| | ख) विषयवस्तुको पर्याप्तता | | | | | |
| | ग) पाठको क्रमबद्धता | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | घ) उदाहरणको उपयुक्ततता | | | | | |
| ४ | कक्षा कार्यकलापको स्थिति | | | | | |
| | क) विद्यार्थी सङ्ख्या | | | | | |
| | ख) विषयवस्तु अनुसार हाउभाउ | | | | | |
| | ग) प्रश्नोत्तरको उपयुक्तता | | | | | |
| | घ) कक्षा अनुशासन | | | | | |
| ५ | शिक्षण विधिको प्रयोग | | | | | |
| | क) प्रश्नोत्तर | | | | | |
| | ख) छलफल | | | | | |
| | ग) व्याख्यान | | | | | |
| | घ) प्रदर्शन | | | | | |
| | ङ) खोज | | | | | |
| ६ | मूल्याङ्कन | | | | | |
| | क) निरन्तर मूल्याङ्कन | | | | | |
| | ख) उद्देश्य प्राप्तिमा सहायक | | | | | |
| | ग) कक्षाकार्य | | | | | |
| | घ) शिक्षण विधिको उपयुक्तता | | | | | |
| | ङ) प्रश्नोत्तर | | | | | |
| | च) गृहकार्य | | | | | |

७) कक्षा कार्यकलापमा शिक्षक निर्देशिका प्रयोग र प्रभावकारिता सम्बन्धमा अन्य टिप्पणी

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

अवलोकनकर्ता :

दस्तखत :

अवलोकन मिति :

# परिशिष्ट : दुई

## प्रश्नावली तथा कक्षा अवलोकन गरिएका विद्यालय तथा शिक्षकहरुको नामावली

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम | कैफियत |
|---|---|---|---|
| 1 | महेन्द्रज्योति मा.वि. | मुक्तिप्रसाद रेग्मी | सामुदायिक |
| 2 | सत्यवती मा.वि. | रुक्मणि पौडेल | सामुदायिक |
| 3 | निर्मल मा.वि. | हरिभक्त सुवेदी | सामुदायिक |
| 4 | सर्वज्योति नि.मा.वि. | तीर्थराज पौडेल | सामुदायिक |
| 5 | मानु मा.वि. | विकासचन्द्र पोखरेल | सामुदायिक |
| 6 | शिव मा.वि. | विष्णुदेवी कंडेल | सामुदायिक |
| 7 | जलदेवी मा.वि. | शंकरराज नहर्की | सामुदायिक |
| 8 | चण्डीदेवी मा.वि. | लक्ष्मी पौडेल | सामुदायिक |
| 9 | बालमन्दिर मा.वि. | पदम खनाल | सामुदायिक |
| 10 | महर्षि वेदव्यास संस्कृत मा.वि. | विष्णुहरि भट्टराई | सामुदायिक |
| 11 | मेघदह बोर्डिङ स्कुल | सुमन श्रेष्ठ | संस्थागत |
| 12 | गोरखकाली आ.मा.वि. | रामबहादुर आले | संस्थागत |
| 13 | कालिका एकेडेमी | लक्ष्मण गिरी | संस्थागत |
| 14 | रामज्योति सेकेण्डरी  बोर्डिङ स्कुल | सहदेव अधिकारी | संस्थागत |
| 15 | कन्काइ आ.मा.वि. | पुष्पराज खतिवडा | संस्थागत |
| 16 | व्यास दिव्यज्योति बोर्डिङ स्कुल | अस्मिता घिमिरे | संस्थागत |
| 17 | डि.एफ.एस. बोर्डिङ स्कुल | विष्णुबहादुर अधिकारी | संस्थागत |
| 18 | पराशर उ.मा.वि. | डा. रामकुमार अधिकारी | संस्थागत |
| 19 | सतिस इङ्लिस बोर्डिङ स्कुल | भगवती पौडेल | संस्थागत |
| 20 | दमौली मोडेल एकेडेमी | दुर्गादेवी कोइराला | संस्थागत |

*स्रोत: स्थलगत सर्वेक्षण २०७४*

# अनुसन्धानका क्रममा लिइएको तस्वीर



# व्यक्तिवृत्त



नाम : बिमला दुरा

जन्म स्थान : व्यास -४, रातमाटा, तनहुँ

जन्म मिति : २०४३/०८/१९

बुबाको नाम : कुलबहादुर दुरा

आमाको नाम : धनमाया दुरा

पतिको नाम : रामसिं गुरुङ (दुरा)

लिङ्ग : महिला

राष्ट्रियता/नागरिकता : नेपाली

धर्म : हिन्दु

मातृभाषा : नेपाली

भाषिक ज्ञान : नेपाली र अङ्ग्रेजी

स्थायी ठेगाना : व्यास-६, शिशाघाट, तनहुँ

फोन नम्बर : ९८०६६३९१२७

**शैक्षिक योग्यता** :

| क्र.सं. | तह | शैक्षिक संस्था | पास गरेको वर्ष |
|---|---|---|---|
| १ | एस.एल.सी. | श्री महेन्द्रज्योति उ.मा.वि., तनहुँ | २०६१ |
| २ | आइ.एड. | श्री महेन्द्रज्योति उ.मा.वि., तनहुँ | २०६५ |
| ३ | बि.एड. | श्री पुष्पलता जनएक्ता बहुमुखी क्याम्पस, कास्की | २०६९ |
| ४ | स्नातकोत्तर | आदिकवि भानुभक्त क्याम्पस दमौली, तनहुँ | |